असार - १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन


वर्ष २४, अङ्क ५ | २०७२, असार १–१५ | पूर्णाङ्क ५५१





**प्रकाशक**

**सर्वोच्च अदालत**

**रामशाहपथ, काठमाडौं**

**फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)**

**फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८**

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

# प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री अम्बिकाप्रसाद निरौला

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण बि.क.
सि.क.श्री ध्रुव सापकोटा
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**सुपरभाइजर :** श्री कान्छा श्रेष्ठ

**भाषाविद् :** श्री भीमनाथ घिमिरे

**विक्री शाखामा कार्यरत कर्मचारी**

डि.श्री नरबहादुर खत्री
कार्यालय सहयोगी मोतिलाल चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ११ |
| इजलास नं. १ | १८ |
| इजलास नं. २ | १५ |
| इजलास नं. ३ | ६ |
| इजलास नं. ४ | ९ |
| इजलास नं. ५ | ७ |
| इजलास नं. ७ | २ |
| एकल इजलास | ४ |
| रीत/बेरीत आदेश | १७ |
| जम्मा | ८९ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

### एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, *नेबाए* भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७२, असार – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०– ०१– ३३३– ५५**

वा

**इमेल ठेगाना**

**cjscomplain@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.१५।-

मुद्रकः सनसाईन प्रिन्टिङ्ग प्रेस, बागबजार, काठमाडौं ।

## विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१-८** |
| १. | प्रतिषेध / परमादेश | अधिवक्ता अच्युतराज बुढाथोकीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| २. | जबर्जस्ती करणी | सुब्बा भन्ने धनराज खड्का वि. नेपाल सरकार | |
| ३. | जबर्जस्ती करणी उद्योग | गोविन्द सेढाई वि. नेपाल सरकार | |
| ४. | कर्तव्य ज्यान | माइला पाख्रिन तामाङ वि. नेपाल सरकार | |
| ५. | कर्तव्य ज्यान | बाबुराम परियार वि. नेपाल सरकार | |
| ६. | सम्बन्ध विच्छेद | अशोककाजी स्थापित वि. रमिता तुलाधर (स्थापित) | |
| ७. | जबर्जस्ती करणी | नेपाल सरकार वि. रघुसिंह ठगुन्ना | |
| ८. | सुन चोरी | नेपाल सरकार वि. रामबहादुर भुजेल | |
| ९. | निषेधाज्ञा | श्रीबहादुर लिंखा जिमी वि. रूद्रबहादुर खलालसमेत | |
| १०. | निषेधाज्ञा | शान्तिदेवी पोडे वि. राजकुमार गुप्तासमेत | |
| ११. | निषेधाज्ञा | मनु लामा वि. महानगरीय प्रहरी वृत्त, बौद्ध काठमाडौंसमेत | |
| **इजलास नं. १** | | | **८-१९** |
| १२. | निषेधाज्ञा / परमादेश | उर्मिलादेवी मण्डलसमेत वि. शत्रुधन मण्डल | |
| १३. | निषेधाज्ञा | युगा सिटौला वि. महेन्द्र मावि ईन्द्रपुर मोरङसमेत | |
| १४. | निषेधाज्ञा | राजकुमार नुन्दी बङ्गाली वि. जिल्ला सुनसरी रामनगर भुटाहा गा.वि.स. को कार्यालय | |
| १५. | उत्प्रेषण / परमादेश | तारामणि नेपाल वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका काठमाडौंसमेत | |
| १६. | परमादेश | लक्ष्मण यादव वि. जिल्ला शिक्षा कार्यालय, सिरहासमेत | |
| १७. | उत्प्रेषण / परमादेश | भुवन प्रकाश विष्ट वि. अधिवक्ता ईश्वरराज ढकाल | |

| | | |
|---|---|---|
| १८. | निषेधाज्ञा | लालजी खंगसमेत वि. फतुली खंग खत्वे |
| १९. | निषेधाज्ञा | रूपेसप्रसाद साह वि. गणेशप्रसाद साहसमेत |
| २०. | निषेधाज्ञा | रामेश्वर मण्डलसमेत वि. जयनारायण मण्डल |
| २१. | निषेधाज्ञा / परमादेश | पारसनाथ उपाध्याय वि. इश्वरीप्रसाद अग्रवालसमेत |
| २२. | परमादेश | हरिप्रसाद मण्डल वि. जिल्ला शिक्षा कार्यालय, सप्तरीसमेत |
| २३. | परमादेश | अधिवक्ता तेजमान श्रेष्ठ वि. व्यवस्थापिका संसद् सचिवालयसमेत |
| २४. | उत्प्रेषण / परमादेश | पुरूषोत्तमलाल सङ्घई वि. जिल्ला विकास समितिको कार्यालय, दाङसमेत |
| २५. | उत्प्रेषण / परमादेश | सलिम मियाँ वि. मोलाजिम मियाँसमेत |
| २६. | उत्प्रेषण / परमादेश | प्रेमचन्द्र गिरीसमेत वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, महाबौद्ध, काठमाडौंसमेत |
| २७. | उत्प्रेषण / परमादेश | कपिलमणि चौरेल वि. बोधकुमारी बुढाथोकीसमेत |

| | | |
|---|---|---|
| **इजलास नं. २** | | **१९-२१** |
| २८. | बन्डा जग्गा बन्डा दर्ता बदर दर्ता | कमल साह तेली वि. नन्दकिशोर साह तेलीसमेत |
| २९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शङ्करबहादुर खड्का |
| ३०. | दूषित लिखत दर्ता बदर दर्ता | नानीछोरी महर्जन वि. कमलराज भट्ट |
| **इजलास नं. ३** | | **२१-२३** |
| ३१. | उत्प्रेषण | प्रेमबहादुर अधिकारी वि. सामान्य प्रशासन मन्त्रालयसमेत |
| ३२. | जबर्जस्ती करणी | नेपाल सरकार वि. बाबुराम भन्ने शेरबहादुर केसीसमेत |
| ३३. | जबर्जस्ती करणी उद्योग | जमाल अन्सारी वि. नेपाल सरकार |
| ३४. | बकसपत्र लिखत बदर | नवलकिशोर प्रसाद शाहसमेत वि. अबधकिशोर प्रसाद शाह |
| ३५. | छुट जग्गा दर्ता | मालपोत कार्यालय, कास्की वि. अरविन्दध्वज कुँवरसमेत |

| | | |
|---|---|---|
| **इजलास नं. ४** | | **२३-२७** |
| ३६. | बन्दी प्रत्यक्षीकरण | सुमन महर्जन वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत |
| ३७. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. चन्द्रनाथ |
| ३८. | लेनदेन | मुक्तिनाराप्रसाद चौरसिया वि. सरिताकुमारी चौरसिया |
| ३९. | नामसारी बदर | धनमति तेलीन वि. इसराइल देवान फकिर |
| ४०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दीपेन्द्रकुमार साह |
| ४१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गणेशबहादुर श्रेष्ठ |
| ४२. | कर्तव्य ज्यान | नेपाल सरकार वि.लाक्पा गुरूङ |
| **इजलास नं. ५** | | **२७-३०** |
| ४३. | उत्प्रेषण / परमादेश | ध्रुवबहादुर थापा वि. प्रहरी महानिरीक्षक प्रहरी महानिरीक्षकको सचिवालय, प्रहरी प्रधान कार्यालयसमेत |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामकाजी पुन |
| ४५. | मानव बेचबिखन तथा जबर्जस्ती करणी | नेपाल सरकार वि. सीता वि.क.समेत |
| ४६. | उत्प्रेषण / परमादेश | दुखा राय यादव वि. दिनेशप्रसाद रौनियारसमेत |
| ४७. | कर्तव्य ज्यान | टिकाधन राई वि. नेपाल सरकार |
| ४८. | मोही नामसारी | शोभानन्द मण्डल वि. बेदानन्द मण्डल |
| **इजलास नं. ७** | | **३१-३२** |
| ४९. | मोही नामसारी | चतुरनारायण चौधरी वि. फागुसदा |
| ५०. | उत्प्रेषण / परमादेश | राजकुमार श्रेष्ठसमेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंहदरबारसमेत |
| **एकल इजलास** | | **३२-३४** |
| ५१. | उत्प्रेषण | अन्जना ढुङ्गाना वि. धनश्याम भन्ने घनश्याम म[illegible]लीसमेत |
| ५२. | उत्प्रेषण | नगेन्द्र शाहसमेत वि, जनकबहादुर सिंह |

| | | |
|---|---|---|
| ५३. | उत्प्रेषण | राजन दमाई भन्ने राजेन्द्र परियार वि. महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत |
| ५४. | उत्प्रेषण | रामगोपाल श्रेष्ठ वि. सुनसरी जिल्ला इनरूवा नगरपालिका गाउँ ब्लक जग्गा दर्ता समितिसमेत |
| **रीत/बेरीत आदेश** | | **३४-३६** |
| ५५. | बङ्किङ कसुर | सोभेन्द्रराज जोशी वि. नेपाल सरकार |
| ५६. | डाँका | धनबहादुर योञ्जन वि. नेपाल सरकार |
| ५७. | उत्प्रेषण | मु.स. गर्ने आस महमद मियाँ वि. अलि महमद मियाँ |
| ५८. | उत्प्रेषण | विजयकान्त कर्ण वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री ओमप्रकाश मिश्र,** ०६८-WO-०५६२, प्रतिषेध/परमादेश, *अधिवक्ता अच्युतराज बुढाथोकीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

प्रतिवेदनले औँल्याएका कमीकमजोरी तथा त्यसका सुधारका बारेमा दिएको प्रतिवेदनमा उठाइएका कुराहरू के कुन आधारमा लागू गर्ने वा प्रतिवेदनमा औँल्याएका कमीकमजोरी के कस्तो नीति नियम बनाई वा व्यवस्थापकीय सुधार गरी लागू गर्ने भन्ने विषयवस्तु नीतिगत विषयभित्र पर्ने हुन्छ । त्यस्तो प्रतिवेदन कार्यान्वयन गर्ने, नगर्ने, कसरी गर्ने, कति चरणमा गर्ने लगायत अनुगमन समिति गठन गर्ने, नगर्ने, समितिमा को को राख्ने भन्ने लगायतका विषय सरकारले अवलम्बन गर्ने नीतिसँग सम्बन्धित रहने भन्नेमा विवाद भएन । साथै उक्त प्रतिवेदन कार्यान्वयन गर्ने चरणमा रहेको भनी वाणिज्य तथा आपूर्ति मन्त्रालयको लिखित जवाफबाट समेत देखिइरहेको अवस्थामा त्यस्तो नीतिगत विषय कार्यपालिकाको क्षेत्राधिकारभित्रको विषय हुने हुँदा त्यस्तो विषय न्यायिक निरूपणको विषय हुन सक्दैन र त्यस्तो नीतिगत प्रश्नभित्र प्रवेश गरी अदालतले आदेश जारी गर्न मिल्ने नदेखिने ।

कुनै पनि ऐनको तर्जुमा गर्नुपर्ने, नपर्नेलगायतका विषय कार्यपालिकाले आवश्यकता महसुस गरी तत्सम्बन्धमा आवश्यक नीति तय गरेमा वा विधायिका आफैँले यस्तो विषयको कानूनको आवश्यकता छ भनी महसुस गरेमा मात्र सम्बन्धित ऐन तर्जुमाका लागि आवश्यक प्रक्रिया अघि बढ्ने हो । विधायिकाले यस्तो विषयसँग सम्बन्धित विभिन्न पक्षहरू एवम् सरोकारवालाहरूसँगको छलफल तथा विचार विमर्श गरी यस्तो अध्ययन, छलफल एवम् विचार विमर्शबाट आवश्यक र उपयुक्त कानून बनाउने भएकाले विधायिकी बुद्धि र क्षमता (Legislative Wisdom and Competency) मा हस्तक्षेप गर्न अर्थात् कानून बनाउने विधायिकाको एकलौटी क्षेत्राधिकार (Exclusive Jurisdiction) भित्र अदालतले अनावश्यक रूपमा हस्तक्षेप गर्न मिल्ने नहुँदा निवेदन मागका सम्बन्धमा यस अदालतबाट न्यायिक हस्तक्षेप गरी सो विषयमा आदेश जारी गर्न सान्दर्भिक नदेखिने ।

पेट्रोलियम पदार्थ जस्तो अत्यावश्यक एवम् सर्वसाधारण जनताको दैनिक जीवनसँग सम्बन्धित वस्तु रहेका सन्दर्भमा सरकारले बन्द हड्ताल गर्न निषेध गरी आदेश जारी गरेपछि त्यसको कार्यान्वयन गर्ने दायित्व पनि सरकार, सम्बन्धित नियामक निकायको र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, भण्डारण तथा वितरण गर्ने व्यवसायीहरूको पनि हुन जान्छ । कसैले यसको उल्लङ्घन गरेका खण्डमा कानूनमा व्यवस्था भएबमोजिम सजायको भागिदार हुनैपर्ने ।

पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, भण्डारण तथा वितरणलाई अत्यावश्यक सेवामा सूचीकृत गरिए पनि नेपाल आयल निगम र पेट्रोलियम पदार्थको पैठारी, ढुवानी, भण्डारण तथा वितरणसम्बन्धी सेवा गर्ने व्यवसायीहरूबीचको सौदाबाजी एवम् असामञ्जस्यता जस्ता कारणबाट सिर्जित समस्याहरूको समाधान र त्यसको प्रभावकारी कार्यान्वयन नेपाल सरकार, सम्बन्धित नियामक निकायबाट यथासमयमा हुन नसकेबाट आम सर्वसाधारण जनता बेलाबेलामा त्यस्तो सेवा सुविधाको उपभोग गर्नबाट वञ्चित भई कठिनाई भोग्नु परेको तथ्य स्पष्ट छ । आगामी दिनहरूमा यस्तो स्थिति आउन नदिन सम्बन्धित सबै निकाय गम्भीर हुनु आवश्यक छ । बन्द हड्ताल गर्न

निषेध गरेको वस्तु तथा सेवामा कुनै पनि बहानामा बन्द गर्ने गराउने गरी हड्ताल गर्ने क्रियाकलापले आम सर्वसाधारण जनताहरू प्रभावित हुने भएकाले उक्त ऐनको प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न सो ऐनले निषेध गरेको कार्य गर्नेहरूउपर तत्काल कानूनबमोजिम कारवाही गर्न सरकार तथा नियामक निकायले अग्रसरता देखाउनै पर्ने हुन्छ । यसैगरी पेट्रोलियम पदार्थका लागि रकम तिर्न तयार भएपनि उपभोक्ताले अघोषित हड्तालका रूपमा रहेको न्यून आपूर्तिको कारणबाट आफ्नो दैनिक कामकारवाही नै प्रभावित हुने गरी पेट्रोलियम पदार्थ प्राप्त गर्न सम्बन्धित डिलर तथा आपूर्तिकर्ताकामा दिनभर लाइनमा बस्नुपर्ने बाध्यता र त्यसबाट उपभोक्तामा पर्ने कष्ट, क्षति तथा सास्ती भोग्नुपर्ने अवस्थाको अन्त हुन जरूरी रहेका कुरामा दुईमत हुन नसकिने ।

बन्द हड्ताल जस्ता क्रियाकलाप गैरकानूनी मात्र नभई आम सर्वसाधारण जनताको हितमा नहुने हुनाले उपभोक्ताले पेट्रोलियम पदार्थ (एल. पी.ग्याससमेत) जस्तो दैनिक जीवनमा प्रयोग गर्नुपर्ने अत्यावश्यकीय वस्तु तथा सेवालाई कुनै पनि बहानामा अवरूद्ध गराउने कार्य नगर्नु, नगराउनु, सेवा बन्द नगर्नु, त्यस्तो सेवाको सहज आपूर्ति हुने गरी व्यवस्था मिलाउनु भनी र आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा (३) अनुसार नेपाल सरकार, गृह मन्त्रालयको मिति २०६८।४।१६ को नेपाल राजपत्र र सो मितिभन्दा पछाडि पनि हरेक ६ महिनामा सरकारले आवश्यक संशोधनसहित राजपत्रमा पनि नियमित रूपमा प्रकाशित सूचनाबमोजिम पेट्रोलियम पदार्थ (एल.पी.ग्याससमेत) को पैठारी, ढुवानी, भण्डारण तथा वितरणसम्बन्धी सेवालाई आवश्यक सेवामा समावेश गरी बन्द हड्ताल गर्न निषेध गरेको अवस्थामा व्यवसायीहरूले आफ्नो माग पूरा गराउने बहानामा बन्द हड्ताल जस्तो कार्यक्रम गर्न उद्धत रहेको भन्ने निवेदन दावीलाई विपक्षीहरूले जारी गरेको विज्ञप्ति र निजहरूको लिखित जवाफबाट समेत देखिएकामा तत्काल यस अदालतबाट जारी भएको अन्तरिम आदेशले सो क्रियाकलाप गर्न नपाएको तर आगामी दिनहरूमा पनि आफ्नो माग पूरा गराउने बहानामा उक्त ऐनको उल्लङ्घन गरेको देखिएमा वा गर्ने सम्भावना देखिएमा सोहीअनुरूप कारवाही र सजाय गर्नु गराउनु, अत्यावश्यक वस्तु तथा सेवाको उपभोग गर्न पाउनु उपभोक्ताको नैसर्गिक अधिकार भएकाले त्यस्तो वस्तु तथा सेवा निर्वाध रूपमा उपलब्ध गर्ने गराउने सम्बन्धमा विपक्षी सम्बन्धित निकायहरूले आवश्यक व्यवस्था मिलाउनु, कृत्रिम अभावको सिर्जना तथा बन्द हड्ताल हुने अवस्था सिर्जना नगर्नु नगराउनु भनी प्रत्यर्थीहरूका नाममा प्रतिषेधलगायत परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: विक्रम प्रधान

इति संवत् २०७१ साल भदौ ३१ गते रोज ३ शुभम् ।

२

**स.प्र.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०२०८, जबर्जस्ती करणी, *सुब्बा भन्ने धनराज खड्का वि. नेपाल सरकार*

प्रतिवादीले अदालतको बयानमा पीडितलाई जबर्जस्ती करणी गरेका कुरामा इन्कार रही अनुसन्धानको क्रममा भएको आफ्नो बयान कुटपिट गरी इच्छाविपरीत गराइएको भन्ने जिकिर लिएको देखिए पनि मौकामा भएको निजको बयान निजको इच्छाप्रतिकूल जबर्जस्ती गराइएको भन्ने कुराको कुनै आधार प्रतिवादीले दिन सकेको पाइँदैन । निजले मौकामा गरेको साविति बयानलाई अन्य प्रमाणबाट समर्थित भएको तथ्यगत अवस्था मिसिल संलग्न प्रमाणहरूबाट स्पष्ट रूपमा पुष्टि भएको अवस्थामा अदालतको इन्कारी बयानबाट मात्र प्रतिवादी बेकसुर

रहेको मान्न मिल्ने नहुने।

घटनाबाट पीडितले र सो घटना प्रत्यक्ष देख्ने प्रत्यक्षदर्शीले मौकामा घटना भएको तत्कालैपछि यिनै प्रतिवादीले पीडितलाई जबर्जस्ती करणी गरेको भन्ने उल्लेख गरी कागज गरिदिएको अवस्थामा अदालतमा उपस्थित भई बकपत्र गर्दा बनावटी कुरा उल्लेख गरी वास्तविक तथ्यलाई लुकाउने र कसुरदारलाई सजायबाट उन्मुक्ति दिलाउने प्रयत्न गरिन्छ भने त्यस्तो बनावटी कुरालाई सत्य एवम् साँचो मानी कसुरदारलाई उन्मुक्ति प्रदान गर्न मिल्दैन । सङ्कलित सबुद एवम् प्रमाणहरूबाट जबर्जस्ती करणीको वारदात स्थापित भई प्रमाणको शृङ्खलाबद्ध कडीहरूबाट प्रतिवादी कसुरदार देखिएको अवस्थामा मौकामा कागज गर्ने व्यक्तिहरूले आफ्नो पूर्व भनाइ प्रतिकूल हुने गरी अदालतमा गरेको बकपत्र प्रतिवादीलाई उन्मुक्ति दिने आधार हुन नसक्ने।

पीडित 'क' कुमारी बोल्न र सुन्न नसक्ने अपाङ्गता भएकी महिला भएको र त्यस्तो अपाङ्गता भएका व्यक्तिले मौकामा भएको सत्य र तथ्य कुरा आफ्नो जन्म दिने बाबु आमासमेतको रोहबरमा इसाराद्वारा व्यक्त गरेको तथा उक्त घटनालाई आफ्नै आँखाले देखेको भनी मौकामा प्रत्यक्षदर्शीले कागज गरेको एवम् उक्त ब्यहोरालाई प्रतिवादीले मौकामा स्वीकार गरेकोसमेतका प्रमाणहरूको शृङ्खलाबाट प्रतिवादीले कसुर गरेको भन्ने कुरा वस्तुगत र सारभूत रूपमा स्थापित भएको देखिएकाले यी प्रतिवादीले आफू बेकसुर रहेको भनी पुनरावेदन पत्रमा लिएको जिकिर मनासिब नदेखिने।

प्रतिवादीले पीडित "क" कुमारीलाई जबर्जस्ती करणी गरेको भन्ने कुरा पुष्टि हुन आएकाले निजलाई जबर्जस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद सजाय हुने र पीडित "क" कुमारी अपाङ्गता भएको व्यक्ति भनी ऐ महलको ३क नं. बमोजिम थप ५ वर्ष कैद सजाय हुने र पीडितलाई क्षतिपूर्तिबापत रू. २५,०००।– प्रतिवादीबाट दिलाई भराई दिने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।९।२६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल मङ्सिर १७ गते रोज ४ शुभम्।

३

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-१११०, जबर्जस्ती करणी उद्योग, *गोविन्द सेढाईं वि. नेपाल सरकार*

जबर्जस्ती करणीको महलको ५ नं. को व्यवस्थाअनुसार जबर्जस्ती करणीको उद्योग गरेकामा जबर्जस्ती करणी गर्नेलाई हुने पूर्ण सजायको आधा सजाय हुने भन्ने कुरामा विवाद छैन । तर महिलाउपर हुने जबर्जस्ती करणीको उद्योग पनि सामुहिक रूपमा वा गर्भवती वा अशक्त एवम् अपाङ्गता भएका महिलाउपर भएको अवस्थामा उक्त महलको ३(क) नं. बमोजिम थप सजाय नहुने हो भने विशेष अवस्था र परिस्थितिमा रहेका महिलालाई संरक्षण प्रदान गर्ने उद्देश्यले विधायिकाले कानूनमा गरेको विशेष व्यवस्थाको सङ्कीर्ण अर्थ लाग्न पुग्छ । अदालतले विधायिकी मनसाय पराजित हुने किसिमबाट कानूनी व्यवस्थाको सङ्कीर्ण अर्थ लाग्ने गरी व्याख्या गर्न मिल्दैन । जुन सन्दर्भ र अवस्थालाई विधायिकाले सम्बोधन गर्न खोजेको छ सोही अर्थमा व्याख्या गरिनु पर्ने।

जबर्जस्ती करणीको महलको ३(क) नं. मा भएको व्यवस्थाले विशेष अवस्था र परिस्थितिमा रहेका महिलाउपर हुन सक्ने यौनजन्य अपराधको गाम्भीर्यलाई महत्त्व दिई त्यस्तो अवस्था र परिस्थितिका महिलाउपर भएका यौन अपराधमा थप कैदको सजाय हुने व्यवस्था प्रस्ट रूपमा गरेको देखिएकाले

उक्त व्यवस्था सोही अवस्था र परिस्थितिमा रहेको महिलाउपर भएका जबर्जस्ती करणीको उद्योगको अपराधमा आकर्षित नहुने भन्न मिल्ने हुँदैन । उक्त ३(क) को थप सजायको व्यवस्था जबर्जस्ती करणी भएको अवस्थामा आकर्षित हुनुका अतिरिक्त जबर्जस्ती करणीको उद्योग भएको अवस्था पनि आकर्षित हुने देखिएकाले जबर्जस्ती करणी भएको अवस्थामा मात्र ३(क) को थप सजायसम्बन्धी व्यवस्था क्रियाशील हुने भनी अर्थ गर्न मिल्ने नहुने ।

प्रतिवादी गोविन्द सेढाईले अपाङ्गता भएकी वर्ष ११ की नाबालिकालाई जबर्जस्ती करणीको उद्योग गरेको पुष्टि भएको देखिएकाले निज प्रतिवादीलाई जबर्जस्ती करणीको महलको ५ नं. बमोजिम ४ वर्ष कैद सजाय गरी पीडित अपाङ्गता भएकी बालिका भएको आधारमा सोही महलको ३क. नं. बमोजिम हुने सजायको आधा २ वर्ष ६ महिना थप कैद सजायसमेत हुने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पोखराको मिति २०६८।९।३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७१ साल मङ्सिर १७ गते रोज ४ शुभम् ।

४

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CR-०६२०, ०५७६, कर्तव्य ज्यान, *माइला पाख्रिन तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. साइँला पाख्रिन तामाङ*

यी प्रतिवादी मृतकलाई मार्ने वारदातमा संलग्न भएको वा सो वारदातको बारेमा यी प्रतिवादीलाई कुनै पनि जानकारी भएको एवम् मृतक सानुकान्छा तामाङलाई अर्का प्रतिवादी माइला पाख्रिनले मारेको भन्ने तथ्यलाई गोप्य राखेको वा लुकाएको भन्ने तथ्य अभियोजन पक्षले वस्तुनिष्ठरूपमा पुष्टि गर्न सकेको मिसिलबाट देखिएको छैन । उल्लिखित अवस्थामा यी प्रतिवादी साइँला पाख्रिन तामाङलाई कसुरदार मान्न नमिल्ने हुँदा अभियोग दावीबाट सफाई दिने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिवै देखिन आउने ।

प्रतिवादी माइला पाख्रिन तामाङले मृतक सानुकान्छा तामाङलाई खुकुरी प्रहार गरी कर्तव्य गरी मारी जङ्गलमा लगी लास गाडेको भन्ने कुरा जाहेरी दरखास्त, प्रतिवादीको बयान, लास प्रकृति मुचुल्कालगायतका मिसिल संलग्न सबुद प्रमाणबाट पुष्टि भएको देखिएकाले निजलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र अर्का प्रतिवादी साइला पाख्रिन तामाङको कसुरमा संलग्नता रहेको भन्ने अभियोजन पक्षले प्रस्तुत गरेको प्रमाणबाट पुष्टि भएको नदेखिँदा निजलाई अभियोग दावीबाट सफाई दिएको सुरू सिन्धुपाल्चोक जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।५।१९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकार र प्रतिवादी माइला पाख्रिन तामाङको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर : विकेश गुरागाईं

इति संवत् २०७१ साल मङ्सिर १७ गते रोज ४ शुभम् ।

५

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०७६४, कर्तव्य ज्यान, *बाबुराम परियार वि. नेपाल सरकार*

मिति २०६६।७।१८ गते भएको भरतपुर अस्पतालको शव परीक्षण प्रतिवेदनमा समेत टाउकोको दाहिनेतर्फ र मस्तिष्कमा खुला चोटपटक

परेका कारणबाट मृत्यु भएको हो (Cause of death due to open head injury of rt. Side of head/brain) भनी शवपरीक्षण प्रतिवेदन रहेको अवस्थामा शरीर तथा टाउकामा धेरै चोटपटक (Multiple injury) रहेकामा विवाद भएन । त्यसमा पनि प्रतिवादी र मृतकबीच मृतकको परपुरूषसँगको सम्बन्धलाई लिएर पटकपटक झैझगडा भइरहने गरेको भन्ने स्वयम् प्रतिवादीको बयान तथा जाहेरवाला दीपक परियारको अदालतमा भएको बकपत्रबाट समेत देखिइरहेको अवस्थामा कुनै पूर्वरिसइवी केही थिएन भन्न सकिने अवस्था रहँदैन । तत्काल उठेको रिसको कारण बन्चरो प्रहार भएको भने पनि टाउको जस्तो संवेदनशील भागमा बन्चरो जस्तो जोखिमी हतियार पटक पटक प्रहार हुनुले प्रतिवादीको सो भनाइ विश्वासलायक मान्न नमिल्ने।

मृतक विष्णुमाया परियारलाई निजको आफ्नै पति यी पुनरावेदक प्रतिवादी बाबुराम परियारले बन्चरोले टाउकामा प्रहार गरी कर्तव्य गरी मारेकाले पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३(१) नं. को कसुरमा ऐ को १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी सुरूबाट भएको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६७।३।२९ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: ईश्वर पराजुली

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७१ साल मङ्सिर २१ गते रोज १ शुभम्।

६

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री दीपकराज जोशी,** ०६८-CR-१४०७, सम्बन्ध विच्छेद, *अशोककाजी स्थापित वि. रमिता तुलाधर (स्थापित)*

प्रत्यर्थी रमिता स्थापितले आफ्नो नाबालक छोराको अंश दिलाई पाउँ भनी आफू संरक्षक भई फिराद गरी पछि निज रमिताले आफ्नो हकमा पनि यी पुनरावेदकसँग दुई भागको एक भाग अंश छुट्ट्याई चलन चलाई पाउँ भनी मुद्दा दिई अंश पाउने ठहरी मिति २०६७।५।२० मा फैसला भएको देखिन आउँछ । प्रतिवादी रमिताले प्रतिउत्तर पत्रमा र यस इजलासमा प्रस्तुत मुद्दाको छलफलको क्रममा आफू पुनरावेदक वादीसँगको वैवाहिक सम्बन्ध निरन्तरता राखी वादीसँगै बस्न चाहेको भनी जिकिर लिएको भए पनि निज प्रतिवादी दुई दशकदेखि वादीसँग छुट्टी भिन्नै बसी वादीउपर माना चामल, दाइजो पेवाका सामान फिर्ता, अंशलगायतका मुद्दा गरी आफ्नो भागको अंश र नाबालक छोराको अंशसमेत वादीबाट छुट्ट्याई लिएको घटनाक्रमहरूबाट प्रतिवादीले पनि सारभूतरूपमा वैवाहिक सम्बन्ध कायम राख्न चाहेको भन्ने नदेखिने।

कानूनी व्यवस्थाको धरातलबाट हेर्दा लोग्ने र स्वास्नीबीचको सम्बन्ध भनेको कानूनी सम्बन्ध भए पनि यो सम्बन्ध आपसी सद्भाव, सहयोग, मधुरता, परस्पर विश्वास र एक अर्कामा गरिने सम्मानमा आधारित रहेको हुन्छ । विवाहपश्चात् पति र पत्नी बीचको सम्बन्धलाई कानूनले मान्यता प्रदान गरी कानूनी संरक्षण प्रदान गर्ने भए पनि वैवाहिक सम्बन्धको निरन्तरता भनेको एक अर्का बीचको माया, प्रेम, समझदारी, सहयोग र सम्मानमा आधारित रहने विषय हो । तर प्रस्तुत विवादमा यी वादी प्रतिवादीका बीच दुई दशकदेखि कटुता, द्वेष, एवम् आवेशको अवस्था विद्यमान रही दाम्पत्य जीवन सुमधुर रहन नसकेको र मुद्दाहरूबाट प्रतिवादीले दाइजो पेवाको सामान तथा अंशसमेत लिने गरी फैसला भएपश्चात् पति पत्नीबीचको कटुता चरमोत्कर्षमा पुगेको देखिँदा उल्लिखित अवस्थामा पति पत्नीबीचको वैवाहिक सम्बन्ध कायम राखी रहनुको कुनै सार्थकता, औचित्य

र उपयुक्ततासमेत रहेको देखिन नआउने।

पुनरावेदक र प्रतिवादीहरू बीच दुई दशकदेखि आपसमा मनमुटाव झैझगडा र विवादहरू भई अलगअलग बसी प्रतिवादीले पतिउपर अंशलगायतका विभिन्न मुद्दा दायर गरी अंश पाउने ठहरेको अवस्थामा वादी प्रतिवादीबीच सार्थक दाम्पत्य जीवन स्थापित हुनसक्ने अवस्था देखिएन । उल्लिखित अवस्थामा प्रस्तुत विवादमा मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको १ नं. को देहाय १ को अवस्थाको विद्यमान रहेको देखिँदा वादीले प्रतिवादीसँगको वैवाहिक सम्बन्ध विच्छेद गर्न पाउने अवस्था देखिन आयो । यस स्थितिमा वादी दावीबमोजिम सम्बन्ध विच्छेद हुने ठहराउनु पर्नेमा वादी दावी पुग्न नसक्ने ठहऱ्याएको सुरू र पुनरावेदन अदालतको फैसला मनासिब नदेखिने।

वादी प्रतिवादी बीच दुई दशकदेखि झैझगडा, कटुता र वैमनश्यतासमेत रही अलगअलग बसेका र प्रतिवादीले वादीबाट आफ्नो र आफ्नो छोरासमेतको भागको अंशसमेत प्राप्त गरिसकेको समेतका अवस्थालाई विचार गर्दा वादी प्रतिवादीबीचको वैवाहिक सम्बन्धलाई कायम राख्नु भन्दा सम्बन्ध विच्छेद हुन मनासिब एवम् कानूनसङ्गत रहेको हुँदा सम्बन्ध विच्छेद नहुने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।८।२४ को फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक अशोककाजी स्थापित र प्रत्यर्थी रमिता तुलाधर स्थापितबीचको पति पत्नीबीचको सम्बन्ध विच्छेद हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

इति संवत् २०७१ साल मङ्सिर १८ गते रोज ५ शुभम्।

७

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०५२३, जबर्जस्ती करणी, *नेपाल सरकार वि. रघुसिंह ठगुन्ना*

मुद्दाको वारदात मिति २०६८।२।१८ मा भएको भनिएकामा मिति २०६८।३।१ मा मात्र जाहेरी परेको देखिन्छ। घटना भएको त्यतिका दिनपछि मात्र किन जाहेरी परेको भन्ने कुराको तथ्ययुक्त आधार वादी पक्षबाट प्रस्तुत हुन सकेको देखिँदैन । मिति २०६८।२।१८ मा भएको वारदातसम्बन्धमा पीडितको मिति २०६८।३।१ मा मात्र स्वास्थ्य परीक्षण गरिएको देखिएकाले पीडितको स्वास्थ्य परीक्षण गरी मेडिकल बोर्डले दिएको प्रतिवेदनमा पीडितको कन्याजाली च्यातिएको भनिए पनि विभिन्न कारणले कन्याजाली फाटिनसक्ने हुँदा प्रतिवादीले जबर्जस्ती करणी गरेको कारणले नै पीडितको कन्याजाली फाटिएको भन्न सकिने ठोस आधार छैन । त्यसका अतिरिक्त मेडिकल बोर्डको प्रतिवेदनमा करणी भए नभएको भन्न नसकिने भन्ने उल्लेख भएको देखिएकाले आरोपित कसुरको पुष्ट्याइँ तथ्यपरकरूपमा नभएका कारणबाट प्रतिवादीलाई कसुरदार ठहऱ्याउन मिल्ने नदेखिने।

पीडितले प्रतिवादीले आफूलाई करणी नै नगरेको भनी अदालतमा बकपत्र गरेको, पीडितको बाबु र सम्बन्धित होटलको धनीसमेतले अनुसन्धानको क्रममा र अदालतमा समेत जबर्जस्ती करणी नभएको तथ्य खुलाई बकपत्र गरिदिएको, प्रतिवादी अधिकारप्राप्त अधिकारी र अदालतमा समेत इन्कारी रहेको र पीडितलाई प्रतिवादीले जबर्जस्ती करणी गरेको भन्ने वादी पक्षको अभियोग दावी प्रत्यक्ष एवम् विश्वसनीय प्रमाणबाट पुष्टि भएको नदेखिँदा सुरू फैसला उल्टी गरी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिएको पुनरावेदन अदालत, दिपायलको मिति २०६९।३।३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल मङ्सिर १६ गते रोज ३ शुभम्।

८

**स.प्र.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६८-CR-०००३, सुन चोरी, *नेपाल सरकार वि. रामबहादुर भुजेल*

चोरीको सामान निजलाई राख्न दिएको भनी सह अभियुक्त देवेन्द्र भुजेलले पोल गरे पनि चोरी गरेको सुन आफ्ना बाबु, आमा, दिदीसमेतका घर परिवार हुँदाहुँदै बडाबाबु नाता पर्ने यी प्रतिवादी रामबहादुरलाई सो सुन राख्न दिनु पर्नेसम्मको कारण विश्वसनीय ढङ्गबाट खुलाउन अर्थात् पुष्टि गर्न सकेको देखिँदैन। निजको उक्त पोल मिसिल संलग्न अन्य कुनै स्वतन्त्र प्रमाणबाट समर्थित भएको पनि देखिँदैन । अन्य प्रमाणबाट सो कुरा समर्थित नभएको अवस्थामा सहअभियुक्तको मौखिक पोल भनाइलाई नै पर्याप्त मानी कसुरदार कायम गर्न फौजदारी न्यायको मान्य सिद्धान्तको आधारमा पनि मिल्ने हुँदैन । मौकाको मिसिल संलग्न अन्य सबुद तथा परिस्थितिजन्य प्रमाणबाट सहअभियुक्तको त्यस्तो पोल स्वतन्त्र र विश्वसनीय ढङ्गबाट समर्थित नहुँदासम्म त्यस्तो शङ्कास्पद पोलकै आधारमा मात्र यी प्रतिवादीलाई कसुरदार ठहर्‍याउँदा अन्याय पर्नसक्ने हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी रामबहादुर भुजेलले अभियोग दावीबाट सफाई पाउने गरी भएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७।९।१२ को फैसला मनासिब हुँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: ईश्वर पराजुली

इति संवत् २०७१ साल माघ ६ गते रोज ३ शुभम्।

९

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०३२६, निषेधाज्ञा, *श्रीबहादुर लिंखा जिमी वि. रूद्रबहादुर खलालसमेत*

निषेधाज्ञाको आदेश जारी हुनका लागि विवादित सम्पत्तिमा निवेदकको निर्विवाद हक स्थापित भएको हुनुपर्दछ । तर निवेदनमा उल्लिखित जग्गा निवेदकका नाउँमा दर्ता रहेको देखिँदैन र सो विषयमा अदालतमा मुद्दा विचाराधीन रहेको देखिएको छ । निवेदकका नाममा दर्ता नरहेको र अदालतमा मुद्दा चलिरहेको यस्तो स्थितिमा उक्त विवादित जग्गामा निवेदकको निर्विवाद हक स्थापित रहेको मान्न नमिल्ने।

निवेदन दावीको विषयमा अदालतमा मुद्दा परी कारवाहीयुक्त अवस्थामा रहेको र सो सम्बन्धमा प्रचलित कानूनबमोजिम इन्साफ हुने नै हुँदा निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०६९।६।१५ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

१०

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०३२७, निषेधाज्ञा, *शान्तिदेवी पोडे वि. राजकुमार गुप्तासमेत*

पुनरावेदकले पुनरावेदनपत्रमा विवादित जग्गामा बाटो निर्माण भई प्रयोगमा समेत आइसकेको भन्ने पुनरावेदन अदालतको निर्णयाधारलाई खण्डन गर्न सकेको छैन र प्रस्तुत निवेदन पर्नुअघि सो जग्गामा बाटो निर्माण भइनसकेको भन्ने कुराको कुनै प्रमाणसमेत पेस गर्न सकेको देखिँदैन । रोकी पाउन दावी लिएको कामकारवाही सम्पन्न भइसकेको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुन सक्दैन ।

विपक्षीहरूले निवेदकको जग्गामा बनाउन लागेको बाटो निर्माणसम्बन्धी कार्य रोकी पाउँ भन्ने निवेदन दावी भए पनि निवेदन दावीको जग्गामा बाटो निर्माण भइसकेको अवस्था देखिँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था र स्थिति देखिन नआउने हुँदा निवेदकको निवेदन खारेज हुन ठहर्‍याएको पुनरावेदन अदालत, नेपालगन्जको मिति २०६८।११।२४ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

११

**स.का.मु.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०६८७, निषेधाज्ञा, *मनु लामा वि. महानगरीय प्रहरी वृत्त, बौद्ध काठमाडौंसमेत*

शान्ति सुरक्षा कायम राखी पाउँ भनी निवेदन परेपछि विवादरत पक्षहरूलाई बोलाई सम्झाई बुझाई शान्ति सुरक्षा कायम गर्नु प्रहरीको प्राथमिक कर्तव्य र दायित्वसमेत हुने हुँदा शान्ति सुरक्षा कायम राख्ने प्रयोजनका लागि प्रहरी कार्यालयमा बोलाई छलफल गराउने कार्यलाई कानूनप्रतिकूलको कार्य भन्न नमिल्ने।

निवेदन दावीबमोजिम लेनदेनको विषयलाई लिएर निवेदिकालाई पक्राउ वा खोजतलास गरी प्रहरी कार्यालयमा लगेको भन्ने कुरा कहीं कतैबाट देखिएको छैन । शान्ति सुरक्षा कायम राख्ने प्रयोजनका लागि निवेदकलाई खोजतलास गरी छलफल गराएको कार्यबाट निवेदकको नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त कुनै किसिमको हक अधिकारमा आघात पर्ने आशङ्काको अवस्था सिर्जना हुने नदेखिँदा निवेदकलाई पक्राउ गरी थुनामा राख्ने आशंकाको स्थिति विद्यमान रहेको देखिन नआएकाले निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।७।१३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटर : अमिररत्न महर्जन

इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०६१४, निषेधाज्ञा/परमादेश, *उर्मिलादेवी मण्डलसमेत वि. शत्रुधन मण्डल*

मिति २०५४।११।२७ मा जग्गाधनी र यी निवेदकबीच भएको सम्झौताको प्रतिलिपि मिसिल सामेल रहेबाट जग्गा कमाउन जग्गाधनी र यी निवेदक बीचमा भएको सम्झौताको विषयमा प्रस्तुत मुद्दामा विवाद गर्ने अवस्था भएन। जग्गाधनीसँग नियमसङ्गत रूपमा जग्गा कमाउन ठेक्का सम्झौता भई जोत आवाद गरी आएको जग्गामा मोही कायम नै नभएका यी प्रत्यर्थीहरूले सो जग्गा हामीहरूले नै आवाद गरी आएका छौं भनी लिखित जवाफमै उल्लेख गरेको देखिँदा सो जग्गामा जोत आवाद गर्ने कार्यमा विपक्षीहरूले बाधा अवरोध गर्ने आशङ्काको विद्यमानता रहेको देखिँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गरेको पुनरावेदन अदालत, राजविराजको फैसला अन्यथा नदेखिँदा निवेदकले नियमबमोजिम जग्गाधनीसँग ठेक्का सम्झौता गरी जग्गा जोत आवाद गरी आएको उक्त कि.नं. ७३ को जग्गामा विपक्षीहरूले जोत आवाद गर्न अवरोध पुर्‍याउने आशङ्काको विद्यमानता रहेको देखिँदा दावीको जग्गामा जोत भोग गर्न अवरोध नगर्नु,

नगराउनु जोत आवाद गर्न दिनु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट भएको मिति २०६७।८।१२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक विपक्षीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १२ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६८-CI-०८८७, निषेधाज्ञा, *युगा सिटौला वि. इन्द्रपुर गाविस वडा नं. ६ मा अवस्थित साविक महेन्द्र प्रा.वि. हाल महेन्द्र मावि ईन्द्रपुर मोरङसमेत*

निवेदकले दावी लिएको कि.नं. ३९ को जग्गामा यी निवेदक र विपक्षीहरू बीच दर्ता सम्बन्धमा विवाद भई मालपोत कार्यालय मोरङले हक बेहकमा जिल्ला अदालत जानु भनी सुनाएको र जिल्ला अदालत, मोरङले मिति २०६४।१।१८ मा उक्त जग्गा सार्वजनिक कायम हुने ठहर्‍याई फैसला भएको कुरा निवेदक स्वयम्ले निवेदनमा उल्लेख गरेका छन् । निवेदक स्वयम्ले समेत निवेदनमा उक्त जग्गा ऐलानी जग्गा हो भनी उल्लेख गरेबाट उक्त जग्गामा यी निवेदकको निर्विवाद हकाधिकार रहेको नदेखिँदा निवेदकले दावी लिएको कि.नं. ३९ को जग्गामा निजको निर्विवाद हक स्वामित्व रहेको तथ्य स्थापित नभएको हुँदा निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट भएको मिति २०६७।१२।२१ को फैसला मनासिब हुँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ १२ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०३३०, निषेधाज्ञा, *राजकुमार नुन्दी बङ्गाली वि. जिल्ला सुनसरी रामनगर भुटाहा गा.वि.स. को कार्यालय*

निवेदन दावीको कि.नं. ६४ को जग्गाको जग्गाधनी नेपाल सरकार उल्लेख भै कैफियत महलमा ऐलानी भन्ने जनिएको देखिन्छ । निवेदक स्वयम्ले समेत निवेदनमा दावीको कि.नं. ६४ को जग्गा ऐलानी जग्गा हो भनी उल्लेख गरेबाट उक्त जग्गामा यी निवेदकको निर्विवादरूपमा हक स्वामित्व रहेको पाइँदैन । निवेदकले साविकदेखि नै उक्त जग्गामा आफ्नो भोगाधिकार रहेको भन्ने दावी लिए पनि सो जग्गामा आफ्नो हक स्थापित गराउन सकेको देखिँदैन । निवेदकले दावी लिएको विषयमा निजको निर्विवाद हक रहेको देखिएमा मात्र निषेधाज्ञाको आदेश जारी हुन सक्दछ । प्रस्तुत मुद्दामा निवेदकले दावी लिएको जग्गामा निजको निर्विवाद हकाधिकार स्थापित भएको नदेखिँदा रिट निवेदन खारेज गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला अन्यथा देखिन नआउने ।

निवेदकले दावी लिएको कि.नं. ६४ को जग्गा ऐलानी जग्गा रहेको र उक्त जग्गामा निवेदकको निर्विवाद हक स्वामित्व स्थापित नभएको हुँदा निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट भएको मिति २०६८।९।२५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : नगेन्द्रकुमार कालाखेती

इति संवत् २०७१ साल जेठ १२ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७-WO-०४८१, उत्प्रेषण/

परमादेश, *तारामणि नेपाल वि. महानगरीय प्रहरी परिसर, हनुमानढोका काठमाडौंसमेत*

निवेदक प्रहरी जवान दर्जाको प्रहरी कर्मचारी रहेको र निजलाई प्रहरी नियमावली, २०४९ को नियम ८४ को देहाय (छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी सजाय गर्ने अधिकारीमा प्रहरी नियमावली, २०४९ को नियम ९३ को देहाय (२) को (ख) ले सम्बन्धित प्रहरी उपरिक्षकलाई र पुनरावेदन सुन्ने अधिकारीमा सम्बन्धित प्रहरी नायब महानिरीक्षकलाई तोकेको देखिन्छ । यी निवेदकलाई कानूनबमोजिम तोकिएको अधिकारप्राप्त अधिकारीले कानूनबमोजिमको प्रक्रिया अवलम्बन गरी स्पष्टिकरण मागसमेत गरी कारवाही गरेको देखिन्छ । साथै पटकपटक स्षष्टिकरण पेस गर्ने मौका दिई निजले स्पष्टिकरण पेस गरेकामा तोकिएको कार्यविधि पूरा गरी यी निवेदकलाई विभागीय कारवाही गरेको देखिएकाले उक्त कारवाहीमा अधिकारक्षेत्रात्मक वा कार्यविधि कानूनको त्रुटि भएको देखिन नआउने ।

निवेदक तारामणि नेपाललाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी प्रहरी उपरीक्षकबाट मिति २०६६।३।१६ मा निर्णय भएको र सो निर्णयलाई सदर गरी मिति २०६७।७।५ मा निर्णय गरेको देखिन्छ। उक्त विभागीय कारवाही गर्दा निज निवेदकबाट पटकपटक स्षष्टिकरण माग गरिएको र यी निवेदकले सफाइ पेस गर्दासमेत आफूले गरेको कसुरमा सावित रही आफू निम्नस्तरको प्रहरी कर्मचारी भएकाले अब उपरान्त यस प्रकारको गल्ती दोहोरिने छैन, सुध्रने मौका दिनुहुन भनी अनुरोध गरेको देखिन्छ । निजले गरेको कसुरको आधारमा भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी प्रहरी नियमावली, २०४९ बमोजिम निर्णय गरिएको र सो निर्णयमा प्रक्रियागत त्रुटि भएको देखिन नआउने ।

प्रतिवादको मौका नदिएको वा विभागीय कारवाही गर्ने अधिकारीबाट नभई अधिकार नभएको अधिकारीबाट सजाय गरिएकोलगायत कुनै कानूनी त्रुटि भएको अवस्थामा निवेदकको संविधान र कानूनप्रदत्त हकमा आघात परेको मान्नुपर्ने हुन्छ। यी निवेदकउपरको विभागीय कारवाही प्रक्रियामा अधिकार क्षेत्रको अभाव रहेको वा आफूमा भएकोभन्दा बढी अधिकार प्रयोग गरी सजाय गरिएको जस्ता कानूनी त्रुटि रहेको पनि देखिएको छैन । सोको अलावा निवेदक स्वयम्ले पनि आफ्नो कर्तव्य पालनामा गल्ती भई पदीय आचरण उल्लङ्घन गरेको तथ्य स्वीकार गरी स्षष्टिकरण पेस गरेकोसमेत अवस्था कानूनबमोजिम अधिकारप्राप्त अधिकारीबाट विभागीय कारवाही गरी सजाय निर्धारण गरिएको सम्बन्धमा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न मिल्ने नदेखिने ।

निवेदक प्रहरी कर्मचारी भएको र नागरिकलाई सुरक्षाको प्रत्याभूति दिने प्रहरी कर्मचारीले नै रातिको समयमा सामान्य नागरिकलाई धम्की दिई लुटपाटमा संलग्न हुने कार्य गरेबाट निजले पदीय आचरण उल्लङ्घन गरेको सम्बन्धमा सेवाबाट हटाउने निर्णय गर्दा प्रहरी नियमावली, २०४९ को कार्यविधि पूरा गरिएको सफाइको मनासिब मौका दिइएको र हटाउन पाउने अधिकारीबाट निर्णय गरी हटाइएकोसमेत देखिएकाले उक्त कार्यमा अधिकारक्षेत्रात्मक वा कार्यविधि कानूनको त्रुटि भएकोसमेत नदिखएकाले निजउपर गरिएको उक्त कारवाहीमा कुनै कानूनी त्रुटि भएको देखिँदैन । कानूनबमोजिम भए गरेको कार्यबाट कसैको संविधान वा कानूनप्रदत्त हकमा आघात परेको भनी सम्झन मिल्ने नहुने ।

निवेदक तारामणि नेपाल प्रहरी सङ्गठनको कर्मचारी भएको र प्रहरी सङ्गठनजस्तो अति संवेदनशील र जिम्मेवार संस्थामा कार्यरत् रहेको अवस्थामा नागरिकलाई सुरक्षा दिने प्रहरी कर्मचारीले

आफ्नो पदीय जिम्मेवारी र दायित्व पूरा गर्न नसकेको, आफ्नो पदको जिम्मेवारीअनुसार आचरण नगरी आचरणविपरीतको कार्य गरेकाले प्रहरी नियमावली, २०४९ को नियम ८४(छ) बमोजिम भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी प्रहरी उपरीक्षकबाट भएको मिति २०६६।३।१६ को निर्णय र सो निर्णयलाई सदर गरेको नायब प्रहरी महानिरीक्षकको मिति २०६७।७।५ को निर्णयमा कुनै कानूनी त्रुटि भएको नदेखिँदा निवेदकको मागबमोजिम आदेश जारी गर्न परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: ममता खनाल

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल वैशाख १५ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६८-CI-०६०७, परमादेश, *लक्ष्मण यादव वि. जिल्ला शिक्षा कार्यालय, सिरहासमेत*

शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम २५(१) मा सिफारिस गरिएको उम्मेदवारले सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले तीस दिनभित्र नियुक्ति नलिएमा, सिफारिस गरिएको उम्मेदवारको मृत्यु भई वा निजले राजीनामा दिई वा माथिल्लो पदमा नियुक्ति लिएको कारण परीक्षणकालभित्रै पदरिक्त हुन आएमा, नियुक्तिपत्र लिएको मितिले ३० दिनभित्र पदस्थापन गरिएको विद्यालयमा हाजिर नभएमा जिल्ला शिक्षा अधिकारीले वैकल्पिक उम्मेद्वारलाई नियुक्त गर्न सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको छ । यी पुनरावेदकले दावी गरेको पद वैकल्पिक उम्मेदवारले नियम २५ मा भएको नियमावलीको व्यवस्था र परिधिभित्र खाली भएको देखिँदैन । प्रकाशित नतिजामा सफल भई नियुक्तिका लागि सिफारिस भएकी पुनमदेवी यादवले नियुक्ति लिई कामकाज गरेको कुरा निवेदक स्वयम्ले स्वीकार गरेका छन् भने पुनमदेवीले मिति २०६६।७।१९ मा प्रकाशित नतिजाबमोजिमको नियुक्ति लिई कामकाज गरेकामा मिति २०६७।१०।२३ मा मात्र उक्त नियुक्ति बदर भएको देखिँदा सफल उम्मेदवारको पद परीक्षणकाल समाप्त भएको १ वर्ष नाघेपछि अर्थात् १ वर्ष ३ महिना ४ दिनपछि मात्र रिक्त हुन आएको देखिँदा रिट खारेज गरेको पुनरावेदन अदालत, राजविराजको फैसला अन्यथा देखिन नआउने हुँदा कारागार राष्ट्रिय प्राथमिक विद्यालय, सिरहाले प्रकाशित गरेको नतिजामा सफल उम्मेदवार पुनमदेवी यादवले समयमै नियुक्ति लिई कामकाज गरी आएको र उक्त पदको परीक्षणकाल समाप्त भएपछि मात्र सो पद रिक्त हुन आएको देखिँदा निवेदन मागबमोजिम परमादेशको आदेश जारी नहुने ठहर्‍याई रिट खारेज गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।३।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नगेन्द्रकुमार कालाखेती

कम्प्युटर : सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ १२ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०३८०, उत्प्रेषण/परमादेश, *जिल्ला विकास समितिको कार्यालय, मकवानपुर, हेटौंडाको तर्फबाट ऐ.का अख्तियारप्राप्त स्थानीय विकास अधिकारी भुवन प्रकाश विष्ट वि. अधिवक्ता ईश्वरराज ढकाल*

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को अनुसूची २३ को १ को (क) मा निजी तथा भाडाका बस, ट्रकमा पाँच रूपैयाँदेखि पच्चीस रूपैयाँसम्म ऐ.

(ख) मा मिनीबस तथा ट्र्याक्टरमा पाँच रूपैयाँदेखि पन्ध्र रूपैयाँ र ऐ. (घ) मा अन्य साधनमा पाँच रूपैयाँसम्म पटके कर लिने व्यवस्था गरेको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाबमोजिम जिल्ला विकास समिति, मकवानपुरले निवेदकले उल्लेख गरेको माइक्रोबस र टाटा सुमो जस्ता चार पाङ्ग्रे सवारी साधनमा रू. १५।- र मोटर साइकल जस्ता दुई पाङ्ग्रे सवारी साधनमा रू. ५।- सम्म कर लगाउन पाउने देखियो । तर विपक्षीले, दिने गरेको कर विजकमा टाटा सुमो र माइक्रोबसलाई रू. २८।२५ र मोटर साइकललाई रू. ९।४ कर लिएको देखिँदा उक्त करको दर स्थानीय स्वायत्त शासन नियमावलीको अनुसूची २३ ले तोकेको दर रेट भन्दा बढी असुल गरेको देखिँदा त्यसरी उठाएको पूर्वाधार उपभोग कर कानूनविपरीत भएको हुँदा पुनरावेदन अदालत, हेटौंडाले निवेदन मागबमोजिम रिट जारी गरेको फैसला अन्यथा देखिन आएन भने पुनरावेदकले यातायात व्यवसायीसँग सहमती कायम गरी तोकिएको करका दररेट कानूनअनुरूप छन् भनी लिएको पुनरावेदन जिकिर कानूनसम्मत देखिन नआउने हुँदा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ विपरीत बस, ट्रक, टाटा सुमो र माइक्रोबसलाई एउटै वर्गमा वर्गीकरण गरिएको र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २०७ सँग सम्बन्धित अनुसूची २३ ले निर्दिष्ट गरेको व्यवस्थाविपरीत हुने गरी पूर्वधार उपयोग करका दर कायम गर्ने गरी भएको जिल्ला विकास समितिको कार्यालय, मकवानपुरको मिति २०६७।११।२६ र २०६८।११।२७ को निर्णय कानूनविपरीत रहेकाले उत्प्रेषणको आदेशद्वारा बदर गरी कानूनले तोकेको दररेटभन्दा बाहिर गई टाटा सुमो जिप, माइक्रोबस र मोटर साइकलबाट कर नउठाउनु, नलिनु, भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६९।३।६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ १२ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६९-CI-०३४७, निषेधाज्ञा, *लालजी खंगसमेत वि. फतुली खंग खत्वे*

निवेदकले जिउ धनको सुरक्षा गरिपाउँ भनी २०६५।११।१३ मा जिल्ला प्रशासन कार्यालय, सप्तरीमा निवेदन दिएकामा जिल्ला प्रशासन कार्यालयले इलाका प्रहरी कार्यालय, हनुमान नगरमा कारवाहीका लागि लेखी पठाएको पत्रसमेत मिसिल सामेल रहेको छ । नागरिक अधिकार ऐन, २०१२ को दफा १२ मा "प्रचलित नेपाल कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता हरिने छैन" भन्ने कानूनी व्यवस्था रहेको छ । कानूनबमोजिम मात्र कुनै व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रता हरण हुन्छ । कानूनबमोजिम बाहेक कसैले पनि कुनै व्यक्तिको स्वतन्त्रता हरण गर्न नपाउने ।

नागरिक अधिकार ऐनद्वारा प्रदत्त निवेदकको स्वतन्त्रताको हकमा विपक्षीहरूले आघात पुर्‍याउन सक्ने आशङ्काको विद्यमानता रहेको देखिन आएकाले निवेदन दावीबमोजिम निषेधाज्ञाको आदेश जारी गरेको पुनरावेदन अदालत, राजविराजको फैसला अन्यथा देखिन नआउने हुँदा निवेदकको कानूनप्रदत्त स्वतन्त्रताको हकमा विपक्षीहरूले आघात पुर्‍याउन सक्ने आशङ्काको विद्यमानता रहेको देखिँदा निवेदकलाई कानूनबमोजिम बाहेक नियन्त्रणमा लिने, डर, धाक, धम्की दिने, कुटपिट गर्ने र कुनै कागजमा जबर्जस्ती सहिछाप नगर्नु, नगराउनु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट भएको मिति

२०६८।१।४ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: सन्तोष अवाल
इति संवत् २०७१ साल जेठ १२ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री सुशीला कार्की,** ०६८-CI-०५१६, निषेधाज्ञा, *रूपेसप्रसाद साह वि. गणेशप्रसाद साहसमेत*

निवेदकको नाममा दर्ता भएको पूजा समिल डाइनिया गा.वि.स. वडा नं. ८(ख) को कि.नं. ७९३ को जग्गामा यी निवेदकले स्थापना गरी सञ्चालन गरेकामा छरछिमेकका बासिन्दालाई सो मिलबाट निस्किएको आवाज र धुलोले प्रतिकूल असर गरेको भनी गुनासो आएको हुँदा उक्त स्थानबाट सो मिल अरूलाई पीरमर्का एवम् बाधा नपर्ने स्थानमा सारी सञ्चालन गर्नु भनी घरेलु तथा साना उद्योग कार्यालयले मिति २०६७।९।१२ मा र जिल्ला प्रशासन कार्यालय, मोरङले मिति २०६८।१।२९ र मिति २०६८।२।८ मा पत्राचार गरी रिट निवेदकलाई निर्देशन दिएकामा घरेलु तथा साना उद्योग कार्यालय र जिल्ला प्रशासन कार्यालय, मोरङले दिएको निर्देशनबमोजिम यी रिट निवेदकले सो स मिल कि.नं. ७९३ को जग्गाबाट कि.नं. ७९२ को जग्गामा सारी सकेको भनी प्रहरी चौकी डाइनिया मोरङले मिति २०६८।१।२१ मा जिल्ला प्रहरी कार्यालय, मोरङलाई पत्राचार गरेको पत्र मिसिल संलग्न रहेको देखिन्छ । निर्देशनबमोजिमको समिल सार्ने कार्य नै सम्पन्न भइसकेको हुँदा उक्त समिल बन्द गराउने आशङ्का विद्यमान रहेको नहुँदा रिट खारेज गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला अन्यथा देखिन नआउने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती
कम्प्युटर: सन्तोष अवाल
इति संवत् २०७१ साल जेठ ११ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री सुशीला कार्की,** ०६८-CI-०६४५, निषेधाज्ञा, *रामेश्वर मण्डलसमेत वि. दलित जनता राष्ट्रिय प्राथमिक विद्यालय, बनैनियाको तर्फबाट ऐ. का प्रधानाध्यापक जयनारायण मण्डल*

वनैनिया गा.वि.स.को च.नं. ८९ मिति २०६७।३।१७ को सिफारिसपत्रबाट सो कि.नं.२० को क्षेत्रफल १-१३-१९ मध्येबाट पोखरीको दक्षिण पश्चिम डिलको क्षेत्रफल ०-५-० जग्गा दलित जनता राष्ट्रिय प्राथमिक विद्यालय कमलपुरलाई भवन निर्माण तथा खेलकुद मैदानको लागि दिने भनी सिफारिस गरिएको बनैनिया गा.वि.स.को सिफारिसपत्र मिसिल संलग्न रहेको देखिन्छ । सो जग्गामा यी पुनरावेदकहरूले हामीले जोतभोग गरी आएका छौं भनी पुनरावेदन जिकिर लिए तापनि आफ्नो हकभोग रहेको पुष्टि हुने प्रमाण पेस गरी हकाधिकार स्थापित गराउन सकेको देखिँदैन । प्रत्यर्थी पुनरावेदकहरूले सो जग्गामा हामीहरूले घर बनाई जोतभोग गरी आएका छौं भनी लिखित जवाफ मै उल्लेख गरेबाट आफ्नो हकाधिकार नै नभएको जग्गा जबर्जस्ती कब्जा गरी बसोबास गरी आएको कुरा पुष्टि हुन आउने।

पुनरावेदकहरूको हकाधिकार नै रहेको कानून बमोजिम गा.वि.स.को सम्पत्तिको रूपमा रहेको जग्गा विद्यालय भवन र खेलकुद मैदान निर्माण गर्नको लागि गा.वि.स.को सिफारिस पत्रबाट विद्यालयलाई दिइएकामा सो जग्गामा विपक्षीहरूले बाँस, कुर्चीलगायतका सामग्रीहरू ल्याई थुपारी जबर्जस्तीरूपमा कब्जा गरी विद्यालय भवन निर्माण कार्यमा अवरोध पुर्‍याउने शङ्काको विद्यमानता रहेको देखिँदा विपक्षीको नाममा निषेधाज्ञाको आदेश जारी गरेको पुनरावेदन अदालत, राजविराजको फैसला

अन्यथा देखिन नआउने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल जेठ ११ गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री सुशीला कार्की,** ०६८-CI-०५९९, निषेधाज्ञा/परमादेश, *पारसनाथ उपाध्याय वि. इश्वरीप्रसाद अग्रवालसमेत*

निवेदकले दावी लिएको विषयमा निजको निर्विवाद हकाधिकार स्थापित भएमा मात्र निषेधाज्ञाको आदेश जारी हुन सक्दछ । प्रस्तुत मुद्दामा निवेदकले दावी लिएको जग्गाको हक प्राप्त भएको भनिएको लिखत नै विवादास्पद रही अनुसन्धानको क्रममा रहेकाले सो जग्गामा निजको हकाधिकार नै स्थापित भइनसकेको हुँदा निजको हकाधिकारको हनन् हुने आशङ्काको विद्यमानता रहेको देखिन नआउने ।

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूचीअन्तर्गतका मुद्दामा जाहेरी दरखास्त दर्ता गरी अनुसन्धान र तहकिकात गर्ने अधिकार सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले प्रहरी कार्यालयलाई सुम्पिएको छ। कानूनले दिएको अधिकार प्रयोग गरी दर्ता भएको जाहेरी दरखास्तउपर अनुसन्धान र तहकिकात भइरहेकामा सोलाई प्रभाव पार्ने गरी निषेधाज्ञाको आदेश जारी हुन सक्दैन । निवेदकउपर सरकारी छाप दस्तखत किर्ते मुद्दाको जाहेरी परी अनुसन्धान र तहकिकात भइरहेको देखिँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी नगरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला अन्यथा देखिन नआउने ।

इजलास अधिकृत : नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल जेठ ११ गते रोज १ शुभम् ।

११

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६६-CI-०६५२, परमादेश, *हरिप्रसाद मण्डल वि. जिल्ला शिक्षा कार्यालय, सप्तरीसमेत*

निवेदकले पुनरावेदन अदालत, राजविराजमा दिएको निवेदनको प्रकरण नं. ८ मा अस्थायी शिक्षकको पदाधिकारको म्याद थप गरिपाउँ भन्ने व्यहोरा उल्लेख गरेबाट निवेदन गर्दाका अवस्थामा निजले दाबी लिएको पदमा पदाधिकार कायम नरहेको कुरालाई रिट निवेदक आफैँले स्वीकार गरिरहेको देखिन्छ । निजले अदालतसमक्ष निवेदन गर्दाका समयमा निजको अस्थायी शिक्षकको म्याद थप भई उक्त पदमा निजको पदाधिकार कायम नरहेको कुरालाई आफैँले स्वीकार गरेका छन् । दावी लिएको पदमा पदाधिकार कायम नरहेको अवस्थामा निजको उक्त पदमा हक अधिकार रही रहेको भनी मान्न मिल्ने देखिन आएन ।

कानूनद्वारा स्थापित हक अधिकारको प्रचलन गराई दिनका लागि मात्र परमादेशको आदेश जारी हुन्छ । अदालतले सरकारको निर्णयलाई कानून मानी त्यस्तो निर्णय प्रचलन गराउन सकिन्न । मन्त्रिपरिषद्ले गरेको त्यस्तो प्रशासनिक र नीतिगत निर्णयका आधारमा निजको कानूनी हक स्थापित हुन नसक्ने हुँदा सोको आधारमा परमादेशको आदेश जारी हुन नसक्ने ।

यी निवेदकले निवेदनमा जिकिर लिएको पद अस्थायी पद भएकामा निजले निवेदन दिँदा उक्त अस्थायी शिक्षक पदको पदाधिकार कायमै रहेको प्राथमिक प्रमाण निजको नियुक्ति पत्र निवेदनसाथ पेस गर्न सकेको मिसिलबाट नदेखिँदा पुनरावेदन अदालत, राजविराजको फैसला कानूनसम्मत नै देखिन आउने ।

निवेदकले दावी लिएको विषयमा निजको

हकाधिकार स्थापित भएमा मात्र परमादेशको आदेश जारी हुन सक्दछ । उक्त शिक्षक पदमा निजको पदाधिकार कायम रहेको स्पष्ट देखिने नियुक्ति पत्र पेस गरी आफ्नो हक स्थापित गर्न नसकेको देखिँदा रिट खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।९।२६ को फैसला मनासिब हुँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७० साल पुस ९ गते रोज ३ शुभम् ।

- ०६६-CI-०६५३, निषेधाज्ञा, *हरिप्रसाद मण्डल वि. जिल्ला शिक्षा कार्यालय, सप्तरीसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

१२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६८-WO-०३९५, परमादेश, *अधिवक्ता तेजमान श्रेष्ठ वि. व्यवस्थापिका संसद् सचिवालयसमेत*

औषधी ऐन, २०३५ को दफा ९ को व्यवस्थामा औषधीको निकासी पैठारी गर्न चाहने व्यक्तिले विभागबाट सिफारिस लिएर मात्र निकासी पैठारी गर्न पाउने व्यवस्थासँग सम्बन्धित रही कम्पनी ऐन, २०६३ को दफा १५४ बमोजिम विदेशी कम्पनीको उत्पादन नेपालमा बिक्री वितरण गर्नुअघि त्यस्तो कम्पनीको कार्यालय नेपालमा दर्ता गराउनुपर्ने व्यवस्थालाई उक्त दफा ९ को व्यवस्थाले बाधा पुर्‍याएको समेत नदेखिने ।

औषधी ऐन र कम्पनी ऐन दुवै स्वतन्त्र ऐनको रूपमा रही एउटा ऐनको उद्देश्य अर्को ऐनले पूरा गर्नुपर्नेसमेत होइन । कम्पनी ऐनले तोकेको प्रक्रिया पूरा गरी विदेशी कम्पनीले आफ्नो उत्पादन नेपालमा बिक्री वितरण गर्नको लागि नेपालमा उसको कार्यालय स्थापना गर्नुपर्ने व्यवस्था सबै किसिमको कम्पनीको लागि भएको व्यवस्थासँग सम्बन्धित रहेको देखिन्छ । यदि त्यस्तो कम्पनी औषधी उत्पादनसँग सम्बन्धित रहेको भए कम्पनी ऐनको उक्त व्यवस्थाअनुसार त्यस्तो कम्पनीको सम्पर्क कार्यालय पनि नेपालमा दर्ता गराउन पर्ने नै देखिँदा विदेशी औषधी उद्योगको उत्पादन नेपालमा बिक्री वितरण गर्नको लागि नेपालमा सम्पर्क कार्यालय नखोली औषधीको ब्रान्ड नेममात्र दर्ता गरेर बिक्री वितरण गर्न पाउने गरी औषधी ऐनको उल्लिखित दफा ८ र ९ को कानूनी व्यवस्थाले कम्पनी ऐनको उल्लिखित व्यवस्थालाई सीमित गरेको भन्नसमेत नमिल्ने ।

कम्पनीको सम्पर्क कार्यालय दर्ता गर्ने व्यवस्था र उत्पादित वस्तु बिक्री वितरण गर्ने कुरालाई छुट्टाछुट्टैरूपमा बुझ्नपर्ने हुन्छ । कम्पनी ऐन, २०६३ को दफा १५४ को उल्लिखित व्यवस्थाअनुसार नेपालमा सम्पर्क कार्यालय दर्ता गराएका विदेशी औषधी कम्पनीले औषधी बिक्री वितरण गर्नुभन्दाअघि औषधी ऐनको दफा ९ बमोजिमको सिफारिस लिएर मात्रै बिक्री वितरण गर्नुपर्ने हुन्छ । विदेशी कम्पनीको उत्पादन नेपालमा बिक्री वितरण गर्ने सम्बन्धमा उक्त दुवै ऐनको व्यवस्थाहरू पालना गर्नपर्ने कुरामा कुनै विवादसमेत रहँदैन । निवेदकले दावी लिएजस्तो औषधी ऐनको दफा ८ र ९ को व्यवस्थाले कम्पनी ऐन, २०६३ को दफा १५४ को व्यवस्थालाई बाहेक गरेकोसमेत नहुँदा औषधी व्यवसाय गर्ने विदेशी कम्पनीले नेपालमा कारोबार गर्दा कम्पनी ऐनको उक्त व्यवस्थालाई पन्छाउन मिल्ने गरी छुट दिएकोसमेत नदेखिने ।

विदेशबाट आपूर्ति गरी वितरण गरिएका आइरन चक्की गुणस्तरहीन भेटिनुमा औषधी ऐनको दफा ८ र ९ को व्यवस्था कम्पनी ऐन, २०६३ को दफा १५४ अनुकूल नहुँनुसँग दाँजेर हेर्न नमिल्ने ।

नेपाल सरकारले वितरण गरेको आइरन चक्कीहरू विशेष सम्झौताको आधारमा आपूर्ति गरी

वितरण गरिएको पाइँदा उल्लिखित स्पष्टिकरण खण्डमा गरिएको व्यवस्थाअनुसार पनि प्रस्तुत रिट निवेदनमा उठाइएको विवादको आधारमा कम्पनी ऐन, २०६३ को दफा १५४ अनुकूल औषधी ऐनको दफा ८ र ९ को व्यवस्था नभएको भनी सो सम्बन्धमा यस अदालतबाट कुनै किसिमको आदेश जारी गर्न सान्दर्भिक नदेखिने।

मानवलाई स्वस्थ भई जीवनयापन गर्नको लागि औषधीको गुणस्तरीयताका विषयमा लापरवाही गर्न मिल्दैन, त्यसैले निवेदकले उठाएको जस्तो समस्या कायम रहिरहेको भए वा पछि पनि त्यस्तो समस्या उपस्थित भएमा कानूनी उपचार खोज्न आउनै बाटो बन्द नभई खुल्ला नै रहेको र त्यस्तो समस्या उत्पन्न भएको समयमा जो कोही पनि कानूनी उपचार खोज्न आउनसक्ने नै हुँदा अहिलेको अवस्थामा निवेदकले माग गरेअनुसार परमादेश जारी हुनसक्ने अवस्थाको विद्यमानता नरहेबाट रिट निवेदन खारेज हुने।

स्तरयुक्त औषधी उत्पादन गर्ने र भरपर्दो किसिमका कम्पनीहरूलाई मात्रै टेन्डर प्रक्रियामा सामेल गराई स्तरयुक्त औषधी आपूर्तिको माग गर्नु निवेदकको हकमा अनुचित नदेखिएको हुँदा सरकारले पनि यसतर्फ मनन् गरिरहन पर्ने देखिएकाले यसतर्फ उचित र उपयुक्त व्यवस्थापन गर्नेतर्फ नेपाल सरकारलाई ध्यानाकर्षण गराउँदै देहायबमोजिमको निर्देशनात्मक आदेशसमेत जारी हुने।

इजलास अधिकृत: बाबुराम सुवेदी

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल जेठ २१ गते रोज ४ शुभम्।

१३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की,** ०६९-WO-०९६३, उत्प्रेषण/परमादेश, *दाङ जिल्ला, लक्ष्मीपुर गाउँ विकास समिति वडा नं. ६ र ८ मा उद्योग रहेको घोराही सिमेन्ट इन्डस्ट्रिज प्रा. लि. को तर्फबाट अख्तियारप्राप्त सञ्चालक अध्यक्ष पुरूषोत्तमलाल सङ्घई वि. जिल्ला विकास समितिको कार्यालय, दाङसमेत*

कर लगाउने विषय कानूनले निर्धारण गर्ने विषय भएको एवम् कर लगाउने निर्णय गर्दा कानूनबमोजिम नै निर्णय गरिनु पर्छ, कानून देखाएर कर लगाउने गरी गरेको निर्णय कानूनअनुकूल मान्न मिल्दैन। कर उठाउन सकिने कानूनी व्यवस्था हुँदैमा स्वत: कर लाग्छ भन्ने होइन। कर उठाउन पाउने कानूनले दिएको अधिकार प्रयोग गरी औपचारिकरूपमा कर उठाउने निर्णय र सोको कार्यान्वयन कानूनबमोजिम नै हुनुपर्ने हुन्छ। त्यसैले राजस्व परामर्श समितिको मिति २०६८।११।२६ को दाङ जिल्ला २० (बीस) औँ परिषद्ले क्लिङ्करमा कर उठाउने निर्णय गरी सो वस्तुमा कर लगाइएको भनी पेस भएको लिखित जवाफ व्यहोरासँग सहमत हुन नसकिने।

मिति २०६८।११।१९ मा जिल्ला स्तरीय राजस्व परामर्श समितिको बैठकले निर्णय नं. १ को खण्ड १(ञ) मा क्लिङ्कर (सिमेन्ट उद्योग) मा प्रति क्विन्टल रू.१/९० कर लाग्ने भन्ने उल्लेख भएको तर जिल्ला विकास समितिको कार्यालय दाङले मिति २०६९।०४।१४ मा हिमालयन ट्रेडका नाउँमा तोकिएबमोजिम कर असुल गर्ने जारी स्थायी ठेक्का चलन पूर्जी (पट्टा पत्र) मा क्लिङ्करमा कर लगाउन अधिकार दिएको नदेखिनाले एवम् सो कुरा जिल्ला विकास समितिबाट पेस भएको लिखित जवाफबाट आ.व.०६९।७० को आश्विन महिनादेखि विपक्षीले क्लिङ्कर उत्पादन सुरू गरेको बुझिन आएकाले करको ठेक्का लगाउन बोलपत्र आह्वान गर्दा र ठेकेदारसँग सम्झौता गर्दा क्लिङ्कर उल्लेख नभएको भनी स्वीकार गरेको देखिन आएकाले स्थायी ठेक्का चलन पुर्जी (पट्टा पत्र) मा नै उल्लेख नभएको विषयमा विपक्षीले कर उठाउन पाउँछ भनी अर्थ गर्न न्यायसङ्गत नहुने भई ठेकेदारले पट्टापत्रमा सूचीकृत

नगरेको विषयमा कर उठाउन र गैरकानूनी कर असुल गर्न नपाउने हुनाले त्यस्तो गैरकानूनी कर निवेदकबाट उठाएको भए निवेदकलाई सो फिर्ता दिनु साथै निवेदकबाट त्यस्तो कर उठाउन बाँकी भनी लगत राखेको भए सोको कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृत : टीकाभूषण घिमिरे

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७१ साल भदौ ३१ गते रोज ३ शुभम् ।

१४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६९-WO-०९४३, उत्प्रेषण/परमादेश, *सलिम मियाँ वि. मोलाजिम मियाँसमेत*

फैसला कार्यान्वयनको विषयमा पक्षको निवेदन परी सोउपरको तहतह आदेश हुँदै विद्यमान कानूनका आधारमा निर्धारित कार्यविधि अवलम्बन गर्दै साधारण अधिकारक्षेत्र प्रयोग गर्न पाउने सक्षम अदालत र अधिकारीबाट आदेशहरू भएको देखिँदा सर्लाही जिल्ला अदालत, ऐ.का स्रेस्तेदार र पुनरावेदन अदालत, जनकपुरबाट भएका आदेशबाट निवेदकको मौलिक अधिकारमा हनन् हुने गरी त्रुटिपूर्ण भएको भन्ने रिट निवेदन दावी तर्कसङ्गत र कानूनसङ्गत् देखिएन । उल्लिखित आदेशबाट कानूनको प्रत्यक्ष त्रुटि विद्यमान देखिन नआएको र रिट निवेदकको कुनै संवैधानिक तथा कानूनी हकाधिकारमा आघात पुगेको वा त्यस्तो अधिकार हनन् भएको पुष्टि हुन नआएबाट असाधारण क्षेत्राधिकारमार्फत मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन ।

अत: माथि विवेचित आधार र कारणबाट सर्लाही जिल्ला अदालतबाट भएका आदेशउपर मुलुकी ऐन, अदालती बन्दोवस्तको १७ नं. बमोजिमको निवेदन परी कारवाही हुँदा पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।९।१९ मा भएको आदेशबाट निवेदकको संवैधानिक तथा कानूनी हकाधिकारमा आघात परेको स्थिति विद्यमान देखिन नआएकाले रिट निवेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: टीकाभूषण घिमिरे

कम्प्युटर: सन्तोष अवाल

इति संवत् २०७० साल चैत २१ गते ६ रोज शुभम् ।

१५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-WO-१०२८, उत्प्रेषण/परमादेश, *प्रेमचन्द्र गिरीसमेत वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, महाबौद्ध, काठमाडौंसमेत*

विवादित विषयको वैधानिकता र औचित्य प्रस्तुत मुद्दाको विषयको गुणदोषको आधारमा निर्णय हुने कुरा हो, कुनै अन्य विषय वा समुदायलाई कस्तो व्यवहार गरियो भन्ने आधारमा वैधानिकता खोज्न सकिने पनि होइन । आकर्षित हुने कानूनबमोजिम विवादित विषय विधिसम्मत छ वा छैन भनी विचार गर्नुपर्ने हुन्छ । प्रस्तुत विषयमा आधारभूतरूपले गलत कानूनको आधार लिई निर्णय गर्ने र सो आधारमा पदसोपान चढ्दै आएको कारणले मात्रै आधारभूत तहमा भएको त्रुटिलाई बचाउ गर्न सकिँदैन । विभिन्न तह पार गरेको भन्ने आधारमा मात्रै वा अन्य समूहलाई भिन्न तरिकाले व्यवहार गरेको भन्ने आधारमा निवेदकले Doctrine of Legitimate Expectation राख्न पाउने भन्न नमिल्ने ।

एउटा निश्चित ऐन नियमका आधारमा सेवामा प्रवेश गरिसकेपछि सोही ऐन नियमअन्तर्गत रही व्यवहार गरिनु पर्दछ । कुनै निश्चित ऐन नियमअन्तर्गत सञ्चालन भएको सेवाभित्र अख्तियारवालाले सो ऐन नियममा संशोधन गरी कुनै सुविधा दिने निर्णय गरिन्छ भने सो सुविधा सोही सेवाभित्र कार्यरत रहेका जनशक्तिको लागि प्रयोग हुन सक्दछ । अन्य कुनै सेवाभित्र रहेका

जनशक्तिले सोही सेवाअन्तर्गत सुविधा प्राप्त गरेको आधारमा सोबाहेकका अन्य सेवामा कार्यरत रहेका जनशक्तिले सोको आसा राखे पनि सो कार्यान्वयन हुनसक्ने अवस्था नरहने।

निजामती सेवा ऐन, २०४९ को प्रस्तावनामा निजामती सेवालाई बढी सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउन निजामती सेवाको गठन भएको भन्ने उल्लेख भई नेपाल सरकारद्वारा सो ऐनको दफा २४(घ)१ मा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा गरिने बढुवासम्बन्धी विशेष व्यवस्था गरी सोही सेवाभित्रका जनशक्तिमा लागू हुने व्यवस्था गरिएकामा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानअन्तर्गत रहेको नियमावलीबमोजिम कार्यरत् जनशक्तिले निजामती सेवा ऐन, २०४९ मा उल्लिखित प्रावधानबमोजिम बढुवाको माग गर्नु र सो मागबमोजिम अख्तियार प्राप्त निकायले बढुवा गर्नु कानूनसङ्गत भएको भन्न मिल्ने अवस्था रहँदैन। अख्तियार प्राप्त निकाय स्वयम् कानूनको सही मार्गमा पुगी आफ्नो निर्णय सच्याएको अवस्थामा निवेदकहरूलाई मर्का पर्ने अवस्था देखिए पनि कानूनतः त्यस्तो निर्णयलाई अन्यथा भन्ने अवस्था पनि नरहने।

निवेदकहरूले नै झुट्ठा विवरण दिई हेड असिस्टेन्ट (पाँचौ) बाट माथिल्लो तहहरूमा बढुवा एवम् तह मिलान भएको भन्ने किटानी अवस्था निर्णयमा उल्लेख नभएको र विपक्षी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, कार्यकारी परिषद्को गलत निर्णयबाट निवेदकहरूले पाँचौ तहभन्दा माथिल्लो तहमा तहमिलानसमेत भै काम गरेको अवस्था हुँदा प्रतिष्ठानको त्रुटिबाट निवेदकहरूले हेड असिस्टेन्ट (पाँचौ) तहभन्दा माथिल्लो तह वा पदमा रही गरेको कामको आधारबाट भुक्तानी लिएको तलब भत्तासमेत सम्पूर्ण रकमको दोब्बर रकम निवेदकहरूबाट भराउने गरेको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान कार्यकारी परिषद्को मिति २०६८।१२।१९ र २० को निर्णयसम्म कानूनसङ्गत नदेखिएकाले सो हदसम्म उत्प्रेषणको आदेशद्वारा बदर हुने।

निजामती सेवा ऐन, २०४९ आकृष्ट गरी हेड असिस्टेन्ट (पाँचौ) तहबाट माथिल्लो तहमा बढुवा एवम् तहमिलान गरेकोसमेत कार्य कानूनसङ्गत नभएकाले सो आधारमा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको कार्यकारी परिषद्ले निवेदकहरूलाई हेड असिस्टेन्ट (पाँचौ) तहमा कायम गर्ने गरेको निर्णय गैरकानूनी भन्न नमिल्ने हुँदा सो हदसम्म निवेदकहरूको रिट निवेदन खारेज हुने। इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली

कम्प्युटर: मन्जिता ढुङ्गाना

इति संवत् २०७१ साल कात्तिक २ गते रोज १ शुभम्।

- यसै प्रकृतिको ०६८-MS-००३१, अदालतको अवहेलना, *प्रेमचन्द्र गिरीसमेत वि. रजिस्ट्रार तथा सदस्य सचिव, कार्यकारी परिषद्, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, महाबौद्ध काठमाडौंसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

१६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६६-WO-०८३८, उत्प्रेषण / परमादेश, *कपिलमणि चौरेल वि. बोधकुमारी बुढाथोकीसमेत*

प्रस्तुत मुद्दामा यी निवेदक ललितपुर जिल्ला अदालतबाट भएको फैसला र आदेशबमोजिम गर्नुपर्ने नगरी हिँडेको र विपक्षी बोधकुमारी बुढाथोकीले निवेदकसँग जायजात हुने सम्पत्ति नभएको भनी सिधा खर्च पेस गरेकामा निवेदक कपिलमणि आफूसँग तत्कालदेखि जायजात हुने सम्पत्ति भएको भन्ने जिकिर लिन सकेको देखिएन। निवेदक स्वयम्ले जायजात गर्ने सम्पत्ति नै छ भने सक्दैन भन्ने जायजातको अवस्था

रहने कुरा पनि नहुने।

विपक्षी बोधकुमारीले कानूनबमोजिम सिधा खर्च बुझाई थुनाको प्रक्रिया अगाडि बढाएकामा सो छल्ने उद्देश्यले पछि प्राप्त भएको सम्पत्ति देखाएको भएपनि एक पटक सिधा खर्चको चरणमा गइसकेपछि सो प्रक्रिया रोकी पुनः अघिल्लो चरणमा फर्किनु पर्ने कानूनी व्यवस्था पनि देखिँदैन । यदि त्यसो गरिएको अवस्थामा मुद्दाको प्रक्रिया अनावश्यकरूपमा बढाई फेरि प्रारम्भिक चरणमा जान पाउने र अदालती प्रक्रिया निरर्थक बनाउन दिने अवस्था सिर्जना हुन जान्छ । अदालती प्रक्रियाको दुरूपयोग गर्न दिने दिलाउने कुनै पनि कोटीको न्यायको रोहमा स्वीकार्य हुन सक्दैन। निवेदकले फैसलाबमोजिम तिर्नु बुझाउनु पर्ने बिगो आफ्नै पहलकदमीमा तिर्नु बुझाउनु पर्ने हुन्छ। अदालतले म्याद जारी गर्दासमेत सो दायित्व पूरा गरेको नदेखिने।

सिधा खर्च भराई कैदमा असुल गराउन खोज्दासमेत निवेदक फेला नपरी उम्की प्रस्तुत बिगो भरिभराउको निवेदन ११ वर्षसम्म मुलतबिमा रहँदासमेत निवेदकबाट फैसलाको दायित्व पूरा गरेको देखिँदैन। यसबाट जसरी पनि धिङ्न्याई गरी बिगो नबुझाउने र साहुलाई दुःख दिने नियत राखेको देखिन आउँछ। यस्तो प्रवृत्ति पनि न्यायको रोहमा सह्य हुने देखिन नआउने।

कानूनबमोजिम तिर्नु बुझाउनुपर्ने कुरा पक्षले तिरे बुझाएको हुनुपर्छ। तिर्नु पर्ने बिगो भराउन कानूनी प्रक्रिया गर्दा सोबाट उम्की सिधा खर्चमार्फत कैदमा असुल गर्ने प्रक्रिया गरेपछि अब बिगो बुझाउने विकल्पसमेत बाँकी नरहने हुँदा मिति २०६६।७।२६ मा ललितपुर जिल्ला अदालतबाट भएको आदेशबमोजिम थुनामा राखी कारवाही गर्ने गरी पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।२८ को आदेश निवेदक रिनु शेर्पा विरूद्ध विपक्षी रामेछाप जिल्ला अदालतसमेत भएको बन्दीप्रत्यक्षीकरणको निवेदनमा *(नेकाप* २०५८, अङ्क ७-८, निर्णय नं. ७०२५) प्रतिपादित कानूनी सिद्धान्तको रोहमा समेत परिवर्तन गर्नु नपर्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: कमलप्रसाद ज्ञवाली
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७१ साल कात्तिक १० गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ.** ०६७-CI-१६९४, बन्डा जग्गा बन्डा दर्ता बदर दर्ता, *कमल साह तेली वि. नन्दकिशोर साह तेलीसमेत*

पुनरावेदक वादीले न.नं. ४ मा घरबास भोग चलन गरी आएको ब्यहोरा खिचोला मुद्दाको नक्सा मुचुल्काबाट देखिएको अवस्थामा सो आफ्नो भोग चलनलाई बेवास्ता गरी अन्य प्रतिवादीहरूको घरबास भोगमा असर पर्ने गरी नरमगरम मिलाई आधा जग्गा पाउँ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर न्यायोचित देखिएन। साथै यस अदालतको झगडिया झिकाउने आदेशसँग पनि सहमत हुन नसकिने।

वादीको न.नं. ४ मा उल्लिखित घर जग्गा र सोबाट नपुग निजको आधा हकको जग्गा सोभन्दा पश्चिमतिरबाट नरमकरम मिलाई छुट्याई पाउने ठहर्छ भनी पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी
कम्प्युटरः कल्पना बर्तौला
इति संवत् २०७१ साल पुस २९ गते रोज ३ शुभम्।

- ०६७-CI-१६९५, बन्डापत्र दर्ता बदर दर्ता, *कमल साह तेली वि. नन्दकिशोर साह*

*तेलीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.** ०७०-RC-००७५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शङ्करबहादुर खड्का*

मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. मा लाठा, ढुङ्गा र साधारण सानातिना हात हतियारले कुटी, हानी, रोपी, घोची ज्यान मरेमा सर्वस्वसहित जन्मकैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी शंकरबहादुर खड्काले मृतकको चिउँडो तथा छाती जस्तो संवेदनशील अङ्गमा मुक्का प्रहार गरी लडाई रूखमा बाँधी हँसियासमेतले तिघ्रामा प्रहार गरेको चोट पीडाको कारणबाट मृतकको मृत्यु भएको देखिँदा उल्लिखित कानूनी व्यवस्थाबमोजिम प्रतिवादी शंकरबहादुर खड्कालाई सर्वस्वसहित जन्मकैदको सजाय हुने नै देखियो। तसर्थ निज प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला अन्यथा हुनसक्ने अवस्थाको नदेखिने।

मृतक र प्रतिवादी बीच काँडीस्याउले जाने नजाने विषयमा वाद–विवाद र झगडा हुँदा प्रतिवादीले मृतकको छाती र चिउँडोमा प्रहार गरी हँसियाले तिघ्रामा हानेको चोट पीडाको कारणबाट मृतकको मृत्यु भएको देखिएको, प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी पहिलेदेखि रहेको नदेखिएको, वारदात घटाउने प्रतिवादीको मनसाय र पूर्वयोजना रहेको पनि नदेखिएको, वारदात हुँदाको अवस्थामा प्रतिवादीको उमेर केवल १७/१८ वर्षमात्र रहेको देखिएको र पक्राउ परिसकेपछि प्रतिवादीले घटनाका सम्बन्धमा सविस्तार वर्णन गरी अनुसन्धान एवम् न्याय निरूपण गर्ने कार्यमा अभियोजन पक्ष र अदालतलाई समेत सहयोग पुर्‍याएको देखिन्छ। यस्तो अवस्थामा निज प्रतिवादी शंकरबहादुर खड्कालाई ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैदको सजाय गर्दा चर्को पर्ने नै देखिएको र अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष मात्र कैद सजाय गर्दा पनि ऐनको मकसद पूरा हुने देखिएकाले प्रतिवादीलाई १० वर्षमात्र कैद सजाय गर्नु उपयुक्त हुने भनी सुरू जिल्ला अदालतले व्यक्त गरेको रायलाई सदर गरेको पुनरावेदन अदालतको रायसमेत मनासिब देखिन आउने।

प्रतिवादी शंकरबहादुर खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद सजाय गर्नु उपयुक्त हुने भनी व्यक्त गरेको रायसहितको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, दिपायलको मिति २०६९।१२।२० को फैसला र अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको रायसमेत मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः कल्पना बर्तौला

इति संवत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.** ०६८-CI-०६१३, दूषित लिखत दर्ता बदर दर्ता, *नानीछोरी महर्जन वि. कमलराज भट्ट*

फिरादीले दावी लिएको विवादित कि.नं. ५११ को जग्गाको स्रोत साविक कि.नं. १६१ नै रहेको र कि.नं. १६१ को जग्गासँग सम्बन्धित मूल मुद्दा र सोबाट कित्ताकाट भई कायम हुन आएका अन्य सम्पूर्ण मुद्दाका वास्तविक जग्गाधनिसँग सम्पूर्ण फिराद दावी

छाडी फिरादी कमलराज भट्टले मिति २०६९।१२।१५ मा मिलापत्र गरिसकेको उक्त मिलापत्रको मिसिलबाट देखिँदा प्रस्तुत मुद्दाको पुनरावेदनको औचित्य नै समाप्त भै पुनरावेदनको तथ्यभित्र प्रवेश गरी विचार गरिरहनु पर्ने नदेखिँदा प्रस्तुत मुद्दाको पुनरावेदन खारेज हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: कल्पना बर्तौला

इति संवत् २०७१ साल माघ १८ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-०६१४, दूषित लिखत दर्ता बदर दर्ता, *नानीछोरी महर्जन वि. कमलराज भट्ट*
- ०६८-CI-०६१५, दूषित लिखत दर्ता बदर दर्ता, *नानीछोरी महर्जन वि. कमलराज भट्ट*
- ०६८-CI-०६१६, दूषित लिखत दर्ता बदर दर्ता, *नानीछोरी महर्जन वि. कमलराज भट्ट*
- ०६८-CI-०६१७, दूषित लिखत दर्ता बदर दर्ता, *नानीछोरी महर्जन वि. कमलराज भट्ट*
- ०६८-CI-०६१९, दूषित लिखत दर्ता बदर दर्ता, *पूर्णनारायण महर्जन वि. कमलराज भट्ट*
- ०६८-CI-०६२०, दूषित लिखत दर्ता बदर दर्ता, *पूर्णनारायण महर्जन वि. कमलराज भट्ट*
- ०६८-CI-०६२१, दूषित लिखत दर्ता बदर दर्ता, *नानीछोरी महर्जन वि. कमलराज भट्ट*
- ०६८-CI-०६२२, दूषित लिखत दर्ता बदर दर्ता, *पूर्णनारायण महर्जन वि. कमलराज भट्ट*
- ०६८-CI-०६२३, दूषित लिखत दर्ता बदर दर्ता, *पूर्णनारायण महर्जन वि. कमलराज भट्ट*
- ०६८-CI-०६२४, दूषित लिखत दर्ता बदर दर्ता, *पूर्णनारायण महर्जन वि. कमलराज भट्ट*
- ०६८-CI-०६२५, दूषित लिखत दर्ता बदर दर्ता, *पूर्णनारायण महर्जन वि. कमलराज भट्ट*

## इजलास नं. ३

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६६-WO-०९८०, उत्प्रेषण, *प्रेमबहादुर अधिकारी वि. सामान्य प्रशासन मन्त्रालयसमेत*

रिट निवेदकलाई सर्तसहितको स्वेच्छिक अवकाश दिएपछि उक्त सर्तसमेतको उल्लङ्घन हुने गरी निवृत्तिभरण दिन नमिल्ने भन्ने नेपाल कृषि अनुसन्धान परिषद्को मिति २०६६।१०।२० को निर्णय कानूनसङ्गत नदेखिँदा निवेदन मागबमोजिम निजलाई निवृत्तिभरण दिन नमिल्ने भन्ने कृषि अनुसन्धान परिषद्को मिति २०६६।१०।२० को पत्र उत्प्रेषणको आदेशले बदर भई रिट निवेदकलाई मिति २०५८।३।२९ गते दिएको स्वेच्छिक अवकास पत्रानुसार निवृत्तिभरण रकम दिनु दिलाउनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल माघ २६ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०४८८, जबर्जस्ती करणी, *नेपाल सरकार वि. बाबुराम भन्ने शेरबहादुर केसीसमेत*

वादी पक्षबाट अभियोग दावीबमोजिमको कसुर वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुनुपर्नेमा सो भएको तथ्य मिसिलसमेतबाट देखिन आएन। शङ्कारहित तवरबाट अभियोग पुष्टि भएको नदेखिँदा सोको सुविधा अभियुक्तहरूले पाउने नै देखिन आउने।

उल्लिखित तथ्य, प्रमाण, सिद्धान्त एवम् विवेचनासमेतको आधारमा प्रत्यर्थी प्रतिवादीहरूलाई

अभियोग दावीबमोजिमको कसुरदार ठहर गरी सुरू अदालतबाट भएको फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादीहरू दिपेन पुन, मोहन गाहामगर, बाबुराम भन्ने शेरबहादुर के.सी.ले अभियोग दावीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, तुल्सिपुरबाट मिति २०६६।०३।१८ मा भएको इन्साफ मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रमेश रिजाल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७१ साल मङ्सिर २३ रोज ३ शुभम् ।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०७००, जबर्जस्ती करणी उद्योग, *जमाल अन्सारी वि. नेपाल सरकार*

पीडितले गरेको किटानी जाहेरी दरखास्त र घटनालाई पुष्ट्याइँ गरी बकपत्र गर्नु, निज पीडित र प्रतिवादीबीच सङ्घर्षका कारणले पीडितको हातमा र घाँटीमा घाउ चोटको खत लाग्नु साथै यी प्रतिवादीले पीडितले जाहेरी दरखास्तमा वर्णन गरेको तथ्य व्यहोरालाई नै स्वीकार गरी रत्तिभर फरक नपर्ने गरी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्नु यी आधारहरूबाट अभियोग दावी प्रमाणित भएको अवस्था छ । यस्तो अवस्थामा प्रतिवादी जमाल अन्सारीले अदालतमा इन्कारी बयान गरेर मात्र अभियोग दावीबाट उन्मुक्ति पाउने आधार बन्न सक्तैन । तसर्थ प्रतिवादीलाई मुलुकी ऐन, जबर्जस्ती करणीको १ र ३(४) नं. को कसुरको उद्योग गरेको देखिएकाले ऐ.को ५ नं. बमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: गंगा के.सी.

इति संवत् २०७१ साल माघ १३ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६४-CI-०७५७, बकसपत्र लिखत बदर, *नवलकिशोर प्रसाद शाहसमेत वि. अबधकिशोर प्रसाद शाह*

पुनरावेदक प्रतिवादी नवलकिशोर प्रसाद र प्रत्यर्थी वादी अवधकिशोर प्रसाद शाह एकै परिवारका एकै पुस्ताका समान स्तरका अंसियार नाताका दाजुभाइ रहेको देखिन्छ । सो कुरालाई वादी प्रतिवादीले विवाद गरेको देखिँदैन । एकै पुस्ताका समानस्तरका अंसियारहरूका बीच मिति २०१६।११।१६ मा अंशबन्डाबाट वादीले प्राप्त गरेको घर जग्गा चीरभोग र गा.वि.स.को सिफारिसले मात्र अर्कैको रहेछ भनी मान्न मिल्दैन । यस्तोमा चीर भोगको सिद्धान्त आकर्षित नहुने ।

अदालतबाट नक्सा मुचुल्का गर्दा विवादमा आएको घर जग्गाको चारकिल्ला र वरपरको जग्गामात्र उल्लेख गरी नक्सा मुचुल्का भएको देखिन्छ । विवाद नै नभएको अन्य अंसियारहरूको घर जग्गासमेत देखाउनु पर्ने भनी यस अदालतबाट भएको प्रत्यर्थी झिकाउने मिति २०६७।१०।२३ को आदेशसँग सहमत हुन नसकिने ।

वादीको घर जग्गा पुनरावेदक प्रतिवादीहरूले मिति २०५९।३।१३ मा र.नं. २००९४ बाट हालै देखिको बकसपत्र पारित गरिदिएको देखिँदा उक्त लिखत बदर गर्नुपर्नेमा सुरू धनुषा जिल्ला अदालतले वादी दावी पुग्न नसक्ने ठहराई गरेको फैसला उल्टी गरी पुनरावेदन अदालत, जनकपुरले मिति २०६४।३।१३ मा वादी दावी पुग्ने ठहर्‍याई गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७१ साल माघ १२ गते रोज २ शुभम् ।

- यसै लगाउको ०६४-CI-०७५६, घरजग्गा खिचोला चलन, *नवलकिशोर प्रसाद शाहसमेत वि. अबधकिशोर प्रसाद शाह*

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-१४४५, छुट जग्गा दर्ता, *मालपोत कार्यालय, कास्की वि. अरविन्दध्वज कुँवरसमेत*

कुनै पनि मुद्दामा वादी प्रतिवादीबीच मुख नमिली सबुद प्रमाण बुझी विवादित विषयमा हक निश्चित गर्नुपर्ने हुन आउँछ भने त्यस्तो मुद्दामा हक बेहकको प्रश्न समावेश भएको मान्नुपर्ने हुन्छ। यसरी सो जग्गा प्रत्यर्थी वादीहरूको हो वा होइन भन्ने सम्बन्धमा हक बेहकको प्रश्न सिर्जना भई तेरोमेरो सम्बन्धमा निर्णय गर्नुपर्ने देखिन आयो । प्रस्तुत विवादित जग्गामा वादी वा प्रतिवादीहरूमध्ये कसको हक पुग्ने भन्ने विवाद उत्पन्न भएको अवस्थामा हक बेहकमा निर्णय गर्ने अधिकार मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई दिएको नदेखिने।

राजीनामाभित्रको जग्गा भनी पुनरावेदकहरूले दर्ता गरिपाउँ भनी दावी लिएकामा विवादित जग्गा राजीनामाभित्रको हो हैन, व्यक्तिको नाममा दर्ता हुने वा सार्वजनिक प्रकृतिको जग्गा हो भन्ने सम्बन्धमा प्रमाण बुझी निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई नभएकाले हक कायम गरी ल्याउन भनी सुनाएको पुनरावेदन अदालत, पोखराको मिति २०६७।०८।१२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

इति संवत् २०७१ साल माघ १८ गते रोज १ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WH-००४५, बन्दीप्रत्यक्षीकरण, *सुमन महर्जन वि. कारागार कार्यालय, डिल्लीबजार, काठमाडौंसमेत*

कानूनअनुरूप नै हुन सक्ने कैदको उपल्लो हद दुई वर्षको आधी एक वर्षभन्दा बढी कैदमा राख्न नमिल्नेमा मिति २०६९।९।२६ देखि मिति २०७३।९।२५ सम्म ४ वर्ष कैदमा राख्ने गरी मिति २०६९।९।२७ मा दिइएको कैदीपुर्जी एक वर्षभन्दा बढीको हदमा कानूनबमोजिम भएको देखिन नआउने।

रिट निवेदकलाई मिति २०७३।९।२६ मा कैद मुक्त गर्नु भनी कैदी पुर्जी दिइएको र दण्ड सजायको महलको ३८ को देहाय २ नं. को व्यवस्थाबमोजिम १ वर्ष कैद बस्नुपर्नेमा सो अवधि भुक्तान भै निवेदक मिति २०६९।९।२६ देखि नै हालसम्म निरन्तर कैदमा रहेको देखिँदा एक वर्षभन्दा बढी कैद राखेको अवधि गैरकानूनी भएको हुँदा निवेदकलाई आज नै कैद मुक्त गर्ने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

कम्प्युटरः अमिररत्न तुलाधर

इति संवत् २०७१ साल माघ २२ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-०५८७, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. चन्द्रनाथ*

ज्यान मार्ने उद्योगको अपराध ठहर हुनका लागि प्रतिवादीले पीडितलाई मार्ने मानसाय राखी सोहीबमोजिमको कार्य गरेको प्रमाणित हुनुपर्छ र त्यस्तो कार्यको परिणामस्वरूप पीडितको कुनै कारणबस ज्यानसम्म बच्न गएको अवस्था स्पष्टरूपमा स्थापित हुनुपर्छ। ज्यान बचेको कारण तेस्रो पक्षको उपस्थिति हुनु नहुनुले अपराध घट्दाको परिस्थिति अनुरूप केही निष्कर्षमा पुग्न सजिलो हुन्छ, तर त्यही एउटा कारणबाट मात्र ज्यान मार्ने मनसाय थियो कि थिएन भनी भन्न सकिने अवस्था हुन्छ नै भन्न मिल्दैन। तेस्रो पक्षको उपस्थितिभन्दा पनि ज्यान मार्ने

मनसाय हुनु ज्यानमार्ने उद्योगको अपराधमा आवश्यक तत्त्वको रूपमा रहने।

वारदातस्थल प्रतिवादीको घरको कोठा रहेको, पीडितको शरीरमा भएका घाउ चोट साङ्घातिक किसिमका नरहेका, प्रतिवादीको पीडितलाई मार्ने मनसाय रहेको भन्ने कुरा पुष्टि हुन सकेको नदेखिँदा सुरू बाजुरा जिल्ला अदालतले प्रतिवादीलाई अभियोग दावीबमोजिम ज्यान मार्ने उद्योगको कसुरदार कायम गरी कैद वर्ष ६ (छ) सजाय हुने ठहऱ्याएको मिति २०६७।३।११ को फैसला उल्टी गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने ठहऱ्याएको पुनरावदेन अदालत, दिपायलको मिति २०६८।३।२२ को फैसला मिलेकै देखिँदा सदर हुने हुँदा वादी नेपाल सरकारको पुनरावदेन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: सन्तोषप्रसाद पराजुली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल फागुन १८ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CI-०२७८, लेनदेन, *मुक्तिनाराप्रसाद चौरसिया वि. सरिताकुमारी चौरसिया*

सूचीमा वादीका श्रीमान्‌ले सामान बुझी लिएँ भनेर उल्लेख गरेको छैन। यसरी के कुन प्रयोजनको लागि कागज तयार गरिएको हो भन्ने कुरा लिखतबाट स्पष्ट प्रमाणको रूपमा ग्राह्य हुन सक्दैन। प्रतिवादीले पेस गरेको उक्त सूची हेर्दा धेरै मात्रा र परिमाणका सामानहरूको क्रमसङ्ख्या, सामानको नाम, विवरण र मूल्य उल्लेख भएको देखिन्छ। तर प्रतिवादीबाट ती सामान कहिले कुन मितिमा वादीका श्रीमान्‌लाई बुझाएको हो भन्ने कुरा लिखतबाट स्पष्ट देखिँदैन र प्रतिवादीले सोको तथ्ययुक्त प्रमाण पेस गर्न सकेको पनि देखिँदैन। तसर्थ प्रतिवादीले वादीको श्रीमान्‌लाई वादीबाट लिएका सामान फिर्ता गरेको भन्ने जिकिर मनासिब नदेखिने।

आसामीले साहूलाई साँवा ब्याज बुझाउँदा कारोबार हुँदा तयार भएको लिखत फट्टा गर्नुपर्दछ वा सो लिखतमा अनिवार्यरूपमा असुली भएको व्यहोरा जनाउनु पर्दछ वा साँवा ब्याज बुझाएको भन्ने छुट्टै कागज भएको हुनुपर्दछ, त्यो कुनै कार्य नभएको स्थितिमा अन्यथा प्रमाणित भएकामा बाहेक आसामीले साहूलाई रकम बुझाई सकेको छ भनी मान्न मिल्दैन। प्रमाण ऐन, २०३१ को दफा २७(२) बमोजिम वादी दावीको रकम वादी साहूलाई बुझाएको जिकिर प्रमाणित गर्ने दायित्व प्रतिवादीको हो। दृष्टिबन्धक लिखतमा स्पष्टसँग प्रतिवादीले लिएको साँवा रकम र सोको ब्याज तिर्नु बुझाउनु पर्ने भनी उल्लेख भएको देखिएबाट त्यो दायित्व ऋणी प्रतिवादीमा रहेको तथ्यमा पनि विवाद देखिएन। लिखतले प्रतिवादीबाट दावीको रकम वादीलाई बुझाउनु पर्ने दायित्व सिर्जना गरेपछि त्यो पूरा गर्ने दायित्व प्रतिवादीको नै हो। प्रतिवादीले त्यो दायित्व पूरा गर्न सकेको देखिएन। दृष्टिबन्धक लिखतमा साँवा र सो को दश प्रतिशतले हुने ब्याज एकमुष्ट तिर्ने बुझाउने व्यहोरा उल्लेख भएको छ। कारोबार हुँदाको बखत उल्लिखित सर्त राखी लिखत सरकारी कार्यालयबाट कानूनबमोजिम पारित गराएपछि वादीको साँवा र ब्याज प्रतिवादीले तिर्नु बुझाउनु पर्ने होइन भन्न नमिल्ने।

वादी प्रतिवादी बीच मिति २०५९।६।१३ मा भएको दृष्टिबन्धक लिखतमा नै साँवा र ब्याज एकमुष्ट तिर्ने बुझाउने व्यहोरा उल्लेख भएको अवस्थामा पर्सा जिल्ला अदालतबाट मिति २०६४।६।१ मा साँवा मात्र भराई पाउने ठहरी भएको फैसला सो हदसम्म उल्टी गरी वादीले प्रतिवादीबाट साँवा र सोको दश प्रतिशतले हुने ब्याजसमेत भराई लिन पाउने ठहऱ्याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।११।२३

को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल मङ्सिर ९ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६६-CI-०१११९, नामसारी बदर, *धनमति तेलीन वि. इसराइल देवान फकिर*

आफ्नो पतिले हक छाडिसकेको जग्गा अदालतको फैसलासमेतबाट वादीसमेतको हक स्थापित भइरहेकामा केवल नामसारी मात्र हुन जग्गा रोक्का रहेको कारणबाट नसकेको परिस्थितिलाई रोक्का रहेको जग्गा फुकुवा गराई हक टुटिसकेको पतिको मृत्यु भएको करिब ४ वर्षपछि हक नपुग्नेको नामबाट आफ्ना नाममा नामसारी गराई करिब एक महिनाको अन्तरमा आफ्नै छोराबुहारीलाई बकसपत्र गरिदिएको तथ्यले पुनरावेदिकाले वादीसमेतको हक रहेको कुरालाई मनन् गर्दै अदालतको फैसलाबाट सिर्जित वादीको हक हनन् गर्ने दुरुत्साहन गर्न खोजेको सहजै अनुमान लगाउन सकिने।

अंश मुद्दाको फैसलाअनुसार कारवाही माग गर्न कानूनले निश्चित समयको हदम्याद तोके पनि बन्डा मुचुल्कासमेत सम्पन्न भएपछि बन्डा मुचुल्काअनुसारको सम्पति दा.खा. गर्न यति नै समयभित्र सम्बन्धित निकायमा जानुपर्छ भन्ने किटानी समयसिमा कानूनले तोकेको पाइँदैन। अंश छुट्टिइसकेको आफ्नो सम्पत्ति जहिलेसुकै पनि आफ्नो नाउँमा कायम गर्न पाउने सुविधा वादीमा निहित रहने।

वादी दावीबमोजिम दावीको हदसम्म दावीका जग्गामा मिति २०४७।११।२३ मा भएको नामसारी निर्णय बदर हुने ठहरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।१०।४ मा भएको निर्णय मिलेको हुँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल चैत १ गते रोज १ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०६६-CI-०१११८, नामसारी दर्ता बदर, घनश्यामप्रसाद साहसमेत *वि. इसराइल देवान*
- ०६६-CI-११२०, लिखत दर्ता बदर, *धनमति तेलीसमेत वि. इसराइल देवान*

५

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-००४७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दीपेन्द्रकुमार साह*

वारदातको समयमा प्रतिवादी दीपेन्द्रकुमार साह मृतकको कोठामा गएको कुरालाई स्वीकार गरेकै देखिएको र जाहेरवालालगायतका व्यक्तिहरूले समेत प्रतिवादीको कसुर प्रमाणित हुने गरी बकपत्र गरदिएको अवस्थामा प्रतिवादीको अदालतमा भएको इन्कारी बयानमा सत्यता रहेको तथ्य पुष्टि हुन सकेको देखिँदैन। प्रतिवादी दिपेन्द्रकुमार साह धनमाल लिने उद्देश्य अनुरूपको योजना बनाई रूदल सुतेको कोठामा गई निजको हत्या गरेको पुष्टि हुन आउने।

खुकुरी जस्तो धारिलो हतियारको प्रहारबाट ज्यान जान सक्छ भन्ने सामान्य समझको कुरालाई समेत ख्याल नगरी प्रतिवादी दिपेन्द्रकुमार साहले खुकुरी प्रहार गरी रूदल यादवको घाँटी रेटी हत्या गरेको देखिनाले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. विपरीतको कसुरमा सजाय गरेको मिलेको नै देखिने।

अनुसन्धानको क्रममा भएको घटनास्थल तथा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन,

प्रतिवादीको बयान, किटानी जाहेरी दरखास्त एवम् मौकामा बुझिएका व्यक्तिहरूको कागजसमेतबाट प्रतिवादी दीपेन्द्रकुमार साहले धारिलो हतियार खुकुरीको प्रहार गरेको कारण रूदल यादवको मृत्यु भएको मिसिल कागजातबाट देखिएको अवस्थामा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको सुरू फैसला सदर गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०७०।१०।२८ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम्।

६

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RC-००८६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गणेशबहादुर श्रेष्ठ*

प्रतिवादी गणेशबहादुर श्रेष्ठ वारदातको समयमा जाहेरवाला नारायण बुढाथोकीको घरमा गएको तथा हातमा पेस्तोल लिएको तथ्यलाई भने स्वीकार गरेको नै देखिनाले प्रतिवादीले मौकामा आरोपित कसुर स्वीकार गरी गरेको मौकाको बयान उपर्युक्त प्रमाणहरूले समर्थित गरिरहेको यस अवस्थामा अनुसन्धानको सिलसिलामा भएको निजको बयानलाई अन्यथा हो भन्न मिल्ने नदेखिने।

गोली जस्तो जोखिमी हतियारको प्रयोगबाट जो सुकैको पनि ज्यान जान सक्छ भन्ने सामान्य ज्ञान कुराको पनि ख्याल नगरी प्रहार गरिएको प्रतिवादीको यो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. अनुसार सजाय गरिनुपर्ने अपराधअन्तर्गत नै पर्ने देखिने।

अनुसन्धानको क्रममा भएको घटनास्थल तथा लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन, प्रतिवादीको बयान, किटानी जाहेरी दरखास्त एवम् मौकामा बुझिएका व्यक्तिहरूको कागजसमेतबाट प्रतिवादी गणेशबहादुर श्रेष्ठले गोली प्रहार गरेको कारण अम्बरबहादुर बुढाथोकीको मृत्यु भएको देखिएकाले निज प्रतिवादी गणेशबहादुर श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको सुरू फैसला सदर गरी पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६८।१०।१७ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-RC-००९८, कर्तव्य ज्यान, *नेपाल सरकार वि.लाक्पा गुरूङ*

बन्चरो र छुरी जस्तो जोखिमी हतियार प्रयोग गरी टाउको जस्तो संवेदनशील अङ्गमा प्रतिवादीबाट प्रहार भएको कारण मृतकहरूको मृत्यु भएको पुष्टि हुन आउँछ । प्रतिवादीहरू एक आपसमा सल्लाह गरी योजना बनाई सोअनुरूपको परिस्थितिसमेत सिर्जना गरी जोखिमी हतियारको प्रयोग गरी मृतकहरूलाई मारेको अवस्था देखिएको हुँदा यी प्रतिवादी लाक्पा गुरूङले मुलुकी ऐन ज्यानसम्बन्धीको महलको १ नं. विपरीत कार्य गरी ऐ. १३(३) नं. बमोजिमको अपराध गरेको पुष्टि हुन आएकाले ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसला मिलेकै देखिन आउने।

प्रतिवादीले धारिलो हतियार चक्कुको प्रहार गरेका कारण मृतकहरू मानबहादुर राम्जाली र कालीबहादुर वि.क. को मृत्यु भएको मिसिल कागजातबाट देखिएको अवस्थामा प्रतिवादी लाक्पा

गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी भएको सुरू फैसला सदर गरी पुनरावेदन अदालत, जुम्लाबाट मिति २०६८।२।२९ मा भएको फैसला मिलेको देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत: मीना गुरूङ

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-WO-०१५७, उत्प्रेषण/परमादेश, *ध्रुवबहादुर थापा वि. प्रहरी महानिरीक्षक प्रहरी महानिरीक्षकको सचिवालय, प्रहरी प्रधान कार्यालयसमेत*

मिति ०६३।७।२१ मा प्रहरी महानिरीक्षकबाट गरेको निर्णयमा राजीनामा दिनुपर्ने कारण र त्यसतर्फ निजले नोकरी गर्न नसक्ने कारण जनाइसकेपछि राजीनामापछि नोकरीबाट हटाउने गरी भएको निर्णय मिलेको नदेखिँदा निजको राजीनामा दिएको कार्यलाई यथावत् राखी अब प्रहरी सेवामा बहाल हुन नसक्ने गरी सरकारी सेवाबाट राजीनामा स्वीकृत कायम हुने हुँदा भविष्यमा सरकारी सेवाबाट अयोग्य ठहर्ने भन्नेसमेतको व्यवस्था कानूनबमोजिमको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा सो हदसम्म बदर हुने ।

निवेदकलाई सेवाबाट बरखास्त गर्ने गरी प्रहरी महानिरीक्षकबाट मिति २०६३।७।२१ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरेको गृह मन्त्रालयको मिति २०६७।२।२४ को मन्त्रीस्तरीय निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । अब निवेदकले प्रहरी सेवाबाट राजीनामा गरिपाउँ भनी दिएको राजीनामा स्वीकृत गरिदिनु र राजीनामा दिनुपूर्वको निजले पाउने सेवा सुविधासमेतबाट वञ्चित नगर्नु नगराउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत : रामप्रसाद बस्याल

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७१ साल माघ १८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-००४४, ०१२३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामकाजी पुन, रामकाजी पुन वि. नेपाल सरकार*

प्रतिवादी रामकाजी पुनको उमेर १४ देखि १६ वर्षबीचको भन्ने विशेषज्ञको उमेर परीक्षण प्रतिवेदनबाट देखिन आएकाले निजलाई चोरीको बिगो अङ्क रू. ६३९।– कायम गरी मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय ठहर गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार आधा सजाय हुने ठहर गरेको फैसलालाई सदर हुने ठहर गरेको र चोरीको हकमा सुरू ललितपुर जिल्ला अदालतले बालबालिका ऐनको व्यवस्थाबमोजिम चोरीको महलको १४(२) नं. बमोजिम पूरै सजाय गर्ने गरेको फैसला उल्टी गरी र चोरीको महलको ४ नं. विपरीतको कसुरमा ऐजनको १४(२) नं. बमोजिम सजाय ठहर गरी नाबालकको हकमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार सोको आधा जम्मा २ महिना २२ दिन कैद गर्ने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेकै देखिँदा पुनरावेदन अदालत, पाटनको मिति २०६६।१०।६ को फैसला सदर हुने ।

मृतक र प्रतिवादीका बीचमा पूर्व रिसइवी रहेको नदेखिएको मार्ने भन्ने नियत पनि राखेको नदेखिएको चोरचोर भनी लखेट्दै गएको अवस्थामा

तत्काल बच्ने उपायले आफ्नो साथमा रहेको सानो हतियारद्वारा मृतकलाई प्रहार गर्दा मर्न गई भवितव्यका हिसाबले अचानक मृत्यु भएको अवस्था देखिँदा र यी प्रतिवादी नाबालकसमेत देखिएकाले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम हुने सजायको आधा सजाय गर्दासमेत चर्को पर्ने देखिएकाले कैद वर्ष ७ (सात) गर्न उपयुक्त हुने भएकाले अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ७ (सात) मात्र हुने ठहर्छ । सो हदसम्म नमिलेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृत : रामप्रसाद बस्याल

कम्प्युटर : विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस १४ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६८-CR-०४३८, ०६८७, *मानव बेचबिखन तथा जबर्जस्ती करणी, नेपाल सरकार वि. सीता वि.क.समेत, नवराज थापासमेत वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा वारदात भएको मितिमा यी पीडितको उमेर १३ वर्ष भनी निजकी आमाले र निज स्वयम्ले अदालत र प्रहरीमा बयान गर्दा उल्लेख गरेको र निज पीडित शर्मिलाले पढ्ने गरेको विद्यालयको रेकर्डअनुसार निजको जन्म मिति २०५३।३।३ भनी लेखी दिएकाले सो सम्बन्धमा सो रेकर्डमा उल्लिखित जन्म मितिदेखि बारदात भएको मिति २०६६।१।१७ सम्मको गणितीय जोड गर्दा १२ वर्ष १० महिना १४ दिन हुन आउने हुँदा १२ वर्ष पुरा भई १३ वर्ष ननाघेको अवस्थामा १३ वर्ष भनी पीडित तथा जाहेरवाली पीडितकी आमाले लेखाइदिनु स्वाभाविकै देखिन्छ । यसरी चिकित्सकहरूको फरकफरक राय भई पुनः परीक्षण हुन नसकेको अवस्थामा यी पीडित शर्मिला नेपाली तथा निजको आमाले जाहेरीमा लेखाएको उमेर र विद्यालयले लेखिदिएको जन्म मिति एवम् प्रस्तुत मुद्दामा भएको वारदात मितिलाई आपसमा छड्के परीक्षण गर्दा पीडित र निजकी आमाले लेखाएको उमेर नै विश्वासयोग्य सत्यताको नजिक भई यी पीडित १० वर्ष वा सोभन्दा बढी १४ वर्ष मुनीको देखिन गएकाले प्रतिवादीहरूलाई जबर्जस्ती करणीको ३(२) बमोजिम जनही १० वर्ष कैद र क्षतिपूर्तिवापत जनही ५००००।– भराउने गरी भएको फैसलालाई बेमनासिब मान्न नमिल्ने ।

प्रस्तुत मुद्दाको वारदातमा पीडित शर्मीला पोखरा पृथ्वीचोकदेखि प्रतिवादीहरूसँग साथै बसी ट्याक्सीमा मणिपाल नजिक चौरमा पुगी प्रतिवादीहरूसित पालैपालो करणी लिनुदिनु गरेको र पछिसँगै फर्केर आई राती होटलमा बासबसी रातको समयमा पनि अन्य दुईजना केटाहरूले पनि करणी गरेको भन्ने मौकामा बयान गरी अदालतमा बकपत्रसमेत गरेको र शारीरिक परीक्षण हुँदा निजको शरीरमा कुनै चोट चिन्न फेला नपरेको भन्नेसमेत भएबाट र निजलाई प्रतिवादीहरूले जबरजस्तीका रीतले निजको मन्जुरीबिना करणी गरेको भन्ने नदेखिएको साथै निज पीडितले पनि करणीबाट उम्कन कुनै प्रयास गरेको नदेखिएको अवस्थामा यी पीडित शर्मिला कम उमेरको भएको कारणबाट मात्र प्रस्तुत वारदात जबर्जस्ती करणी हुन पुगेको अवस्था हुँदा कम उमेरकी बालिका भएका कारण जबर्जस्ती ठहर गरी सजाय भैसकेपछि प्रस्तुत नं. ३(क) बमोजिम थप सजाय पनि हुनुपर्छ भन्ने वादीको पुनरावेदन जिकिरसित सहमत हुन नसकिने ।

प्रतिवादीहरूले पीडित शर्मिला नेपालीलाई खरिद गरेको भन्ने देखिन आउने कुनै पनि सबुत प्रमाण वादीबाट पेस हुन सकेको पाइँदैन भने पीडित पोखरा आएको भोलिपल्ट बिहानै पोखराबाट फर्केर आफ्नो घरतर्फ नै गएको भन्ने पीडितको भनाइ रहेको र प्रतिवादीहरूबाट कुनै रकम लिनुदिनु नभएको

भन्नेसमेत उल्लेख गर्नुको साथै अर्को प्रतिवादी सीता वि.क.ले निज पीडितलाई उल्लिखित प्रतिवादीहरूलाई बिक्री गरी रकम लिनुदिनु गरेको कुरामा इन्कार रहेको कुरालाई वादी पक्षले सबुद प्रमाणबाट खण्डन गर्न सकेको अवस्थामा एवम् माथि उल्लिखित विवेचनाअनुसार प्रतिवादी सीता वि.क.लाई वेश्यावृत्तिमा लगाएतर्फ सजाय भएको र प्रतिवादी दीर्घबहादुर गुरूङ र नवराज थापालाई जबर्जस्ती करणीसम्म ठहर भई सजाय र पीडितलाई क्षतिपूर्तिसमेत भएको अवस्था हुँदा वादीको प्रस्तुत जिकिरसित समेत इजलास सहमत हुन नसक्ने ।

प्रतिवादी नवराज थापा र दीर्घबहादुर गुरूङलाई जबर्जस्ती करणीको महलको ३(२) नं. अनुसार १० वर्ष कैदको सजाय गरी पीडितलाई जनही रू.५०,०००।– क्षतिपूर्ति भराउने गरी र प्रतिवादी सीता वि.क.लाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा १५(१)(ख) अनुसार १० वर्ष कैद र रू. ५०,०००।– जरिवाना गर्ने गरी भएको सुरूको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६८।३।२० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः उमानाथ गौतम

इति संवत् २०७१ साल पुस २ गते रोज शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०५२७, उत्प्रेषण/परमादेश, *दुखा राय यादव वि. दिनेशप्रसाद रौनियारसमेत*

लिलाम बढाबढ गरिएका जग्गाहरूको मूल्य कायम गर्दा अपनाउने कार्यविधिका सम्बन्धमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५(५)(ङ) मा तायदाती मूल्याङ्कन मुचुल्का भई आएपछि अदालत रहेको गा.वि.स. वा नगरपालिकाको एकजना र नजिकैको कुनै अड्डाको प्रतिनिधि साक्षी राखी रोक्का वा कब्जा भएको सम्पत्तिको पञ्चकिर्ते मोल कायम गर्दा मालपोत कार्यालयले रजिस्ट्रेसन दस्तुरको प्रयोजनको लागि निर्धारण गरेको मूल्यलाई समेत कायम गर्नुपर्नेछ भन्ने व्यवस्था भएकामा सो नगरी मालपोत कार्यालयको न्यूनतम मूल्य भन्दा पनि घटी पारेर पञ्चकिर्ते मूल्य कायम गरेको मिसिलबाट देखियो । त्यसरी मालपोत कार्यालयले कायम गरेको न्यूनतम मूल्य भन्दा पनि कम मूल्यमा लिलाम गर्ने कार्यलाई कानूनसङ्गत मान्न नसकिने ।

प्रस्तुत मुद्दामा लिलाम भएका विभिन्न कित्ताका जग्गाहरूमध्ये कि.नं. ८८ को जग्गा ऋणीबाहेकका अन्य २ जना जग्गाधनी रामचन्द्र शाह र जानकी शाहका नाममा रहेको देखिन्छ । सो जग्गा लिलामी गर्दा निजहरूलाई रीतपूर्वक सूचना दिएको कुराको प्रमाण निवेदकले खुलाउन सकेको देखिँदैन । यसरी संयुक्त नाउँमा रहेको जग्गा लिलामी गर्दा अन्य दर्तावाला र दर्तावाला नभए निजका हकवालालाई जानकारी गराउनु पर्नेमा सोको सूचना हकवालालाई दिएको प्रमाण मिसिलबाट नदेखिँदा सो लिलामी प्रक्रिया कानून र सर्वोच्च अदालतबाट प्रतिवादी सिद्धान्तसमेतको विपरीत देखिन्छ । माथि उल्लिखित आधार र प्रमाणबाट पुनरावेदन अदालत, जनकपुरबाट भएको आदेशलाई अन्यथा भन्न नसकिने हुँदा रिट निवेदकको निवेदन जिकिर पुग्न नसक्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कमला पौडेल

कम्प्युटर : रूपा महर्जन

इति संवत् २०७१ साल पुस १८ गते रोज ६ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CR-०६८१, कर्तव्य ज्यान, *टिकाधन राई वि. नेपाल सरकार*

प्रस्तुत वारदातलाई मध्यनजर गर्दा मृतक आशधन राई रक्सी खाएर आएको मानिससँग के कुरा गर्नु आफ्नो बाटो लिएर जा भनेकै भरमा यी प्रतिवादीले आत्मनियन्त्रण गुमाउनुपर्ने अवस्था पनि देखिँदैन । यी पुनरावेदक प्रतिवादीले मृतकलाई एकपटक मात्र प्रहार गरेको नभई पटकपटक प्रहार गरी कर्तव्य गरी मारेको देखिनु र उल्टै छुट्ट्याउन गएको महिला सेती मायालाई समेत घाइते हुने गरी कुटपिट गरेको र मृतक हलचल गर्न छोडिसकेपछि पनि पटकपटक प्रहार गरेको घरभित्र लगिसकेपछि समेत ढोकासमेतमा लात्तीले हानेको अवस्थासमेत मिसिलबाट देखिन आएको छ । मिसिल संलग्न लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदनलगायतका प्रमाणबाट यी पुनरावेदक प्रतिवादीले नृशंस तरिकाले कर्तव्य गरी आशधन राईलाई मारेको देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरी सजाय घटाउन पर्ने अवस्था देखिन नआउने ।

कसुरदारलाई तोकिने सजायको स्तरले समाजमा त्यसको के कस्तो असर र प्रभाव पर्नजान्छ भन्नेतर्फ न्यायकर्ता सचेत हुनुपर्दछ । सजाय निर्धारण गर्दा समाजमा त्यस्ता खाले अपराधीहरू हतोत्साही हुन्छन् हुँदैनन् र अपराध गर्नेहरूको मनोबल बढ्दै जाने पो हो कि भन्नेतर्फ पनि अदालत, अत्यन्त संवेदनशील बन्नुपर्दछ । तसर्थ प्रस्तुत मुद्दाका प्रतिवादी टिकाधन राईलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम सजायमा छुट पाउँ भन्ने पुनरावेदकको कानूनव्यवसायीले लिएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

माथि विवेचना गरिएका आधार र कारणहरूबाट प्रतिवादी टिकाधन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।३।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी टीकाधन राईको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : रामप्रसाद बस्याल

कम्प्युटर : सन्जय घिमिरे

इति संवत् २०७१ साल मङ्सिर १७ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६८-CI-१०७०, मोही नामसारी, *शोभानन्द मण्डल वि. बेदानन्द मण्डल*

प्रस्तुत विवादमा प्रमाण बुझ्ने, प्रमाणको विवेचना गर्ने र झगडियाहरूको मुख नमिलेतर्फ मुद्दाको सम्बद्ध प्रमाणहरू बुझ्नुपर्ने देखिन आयो । प्रमाण बुझ्ने कार्य माथिल्लो अदालत वा सुरू तह दुवैले गर्न सक्नेमा विवाद देखिँदैन । यस मुद्दामा व्यक्तिको घर निवास र घरबारीका सम्बन्धमा निर्णय गर्नुपर्ने देखिएका त्यस्ता प्रमाणहरू बुझ्न तल्लो तह नै प्रभावकारी हुने देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १४(घ) ले मुद्दाको स्वरूप र प्रकृतिअनुसार तल्लो तहमा प्रमाण बुझी निर्णय गर्न पठाउने ठहर्‍याएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

विवादित जग्गामा भएको घर वादी/प्रतिवादी कसको हो सबुद प्रमाण बुझी निर्णय गर्नु भनी सुरू तहमा पठाउने गरी पुनरावेदन अदालत, विराटनगरले मिति २०६८।५।२५ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदकको जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः कमला पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७१ साल पुस १८ गते रोज ६ शुभम् ।

- यसै प्रकृतिको ०६८-CI-१०७०, मोही नामसारी, *बेदानन्द मण्डल वि. श्यामकिशोर मण्डल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ७

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०६७-CI-००८४, मोही नामसारी, *चतुरनारायण चौधरी वि. फागुसदा*

जग्गा नापजाँच हुने कार्य जग्गा नापजाँच ऐन २०१९ अन्तर्गत हुने कार्य हो भने २ नं. अनुसूची तयार हुने र प्रकाशन हुने कार्य भूमिसम्बन्धी ऐन, २०२१ र भूमिसम्बन्धी नियमहरू, २०२१ अन्तर्गत हुने कार्य हो । यसर्थ जग्गा नापजाँच ऐन २०१९ बमोजिम तयार हुने फिल्डबुकको व्यहोराबाट मोहियानी हक पाउने वा नपाउने अवस्था रहँदैन । जग्गा नापजाँच गराउनु पर्ने दायित्व मूलतः जग्गाधनीको हो । यसमा मोहीको उपस्थिति वा अनुपस्थितिले र फिल्डबुकको जग्गाधनी वा मोहीसम्बन्धी व्यहोराले मोहियानी हकको निरोपणको लागि निर्णायक महत्व नराख्ने ।

दर्ता हुँदाको अवस्थामा बहाल रहेको मुलुकी ऐन, अंशबन्डाको महलबमोजिम व्यवहारको आधारमा पनि अंशबन्डा हुने स्थिति रहेकाले मोहीको कथनलाई बिलकुल नकार्न सकिँदैन । जग्गाको दर्ता स्रेस्तालगायतको हकभोगको प्रमाण जग्गाधनीसँग सम्बन्धित कुरा हुन् । जग्गाधनी हकको निरन्तरता रहन्छ । जग्गाको दर्तावाला समयसमयमा परिवर्तन हुन सक्ने भए पनि प्रत्येक जग्गाधनीले जग्गाको यथार्थ विवरणको जानकारी राख्ने कुराको अनुमान गरिन्छ । तसर्थ जग्गाको स्रोतलगायत यावत् कुराको विवरण जग्गाधनीबाट आउनुपर्छ । तर जग्गाधनीले उक्त २०३३।७।२६ को निर्णयसहितको आवश्यक लिखतहरू पेस गरी मोहीले लिएको अंशबन्डासम्बन्धी जिकिरलाई खण्डन र आफ्नो जिकिरको समर्थन गर्नुपर्नेमा जग्गाधनीले उल्लिखित जग्गाका जग्गाधनी मनोरी साहु नरहेको भनी मौखिक जिकिर लिएका तर त्यसको पुष्टि हुने लिखत प्रमाण गुजार्न सकेको नदेखिने ।

पक्षले विवाद नउठाएको कुरामा अदालत आफैँ सक्रिय भई यसो भएन उसो भएन भन्नु र त्यसलाई निर्णयको आधार बनाउनु मुलुकी ऐन, अ.बं. १८४क नं. र १८५ नं. तथा प्रमाण ऐन, २०३१ को परिच्छेद ४ को प्रमाणको भारसमेतको बर्खिलाप हुनजाने ।

जग्गाधनी मनोरी साहु, रामदेव साहु र मुनेस्वरी देवीले भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम ७ ले तोकेको म्यादभित्र उजुर गर्नुपर्ने हुन्छ । नियम ६ ले जग्गा रहेको वडामा २ नं. अनुसूची प्रकाशित गर्नुपर्ने कुरा व्यक्त गरेको भए पनि सोही कारणले सो २ नं. अनुसूचीमा कसैको उजुर नपरे पनि सो अमान्य हुन्छ भनी स्पष्टरूपमा नभनेकाले उजुर नपरेको अवस्थामा पनि उक्त २ नं. अनुसूची स्वतः अमान्य हुन्छ भन्नु अन्यायपूर्ण हुन्छ । त्यसबाट प्रभावित जग्गाधनीले नियम ७ बमोजिम उजुर त गर्नैपर्छ । भूमिसम्बन्धी ऐन नियमले उक्त कालखण्डमा ठूलो हलचल ल्याएको कुरा इतिहाससिद्ध छ । यस अवस्थामा २ नं. अनुसूची तयार हुने र प्रकाशित हुने कानूनी कुराको मनोरी साहुसमेतका जग्गावालाले थाहा जानकारी पाएनन् भन्ने प्रश्न नै उत्पन्न नहुने ।

सुरु भूमिसुधार कार्यालय, सप्तरीको निर्णय उल्टी गरी वादी दावीअनुसार मोहियानी हक नामसारी गरी वादीले मोही दर्ता प्रमाणपत्रसमेत पाउने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजले मिति २०६६।१२।१२ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने भई पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : जवाहरप्रसाद सिंह

इति संवत् २०७१ साल फागुन २६ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** २०६८-WO-७०४, उत्प्रेषण/परमादेश, *राजकुमार श्रेष्ठसमेत वि. भौतिक योजना तथा निर्माण मन्त्रालय, सिंहदरबारसमेत*

सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी २०३४।३।२० को राजपत्रको सूचनाबाट चक्रपथको केन्द्ररेखाबाट दायाँ बायाँ २५|२५ मिटर सडक सीमा तोकिएको र सो सीमाभित्र निर्माण भएका संरचनाहरू अवैध भएकाले तिनलाई हटाई सडक सीमा व्यवस्थित गर्ने उद्देश्यले सडक विस्तार भैरहेको भए पनि निवेदनमा उल्लेख भएअनुसार निवेदकहरूको घर टहरा तथा कम्पाउन्ड भत्काउने निर्णय नभएको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ, साथै भौतिक योजना तथा निर्माण मन्त्रालयको लिखितजवाफमा सडक विस्तारका क्रममा कुनै जग्गा प्राप्त गर्नु पर्ने अवस्था आएमा प्रचलित कानूनबमोजिम जग्गा प्राप्त गरिने भनी उल्लेख भएको पाइन्छ । उक्त व्यहोराबाट निवेदकहरूको घरकम्पाउन्ड रहेको स्थानको सडकको सीमा यति भएको र सो सीमा भित्र निवेदकहरूको घरकम्पाउन्ड परेकाले सो भत्काउने भनी आधिकारिक निकायबाट निर्णय भएको कुराको पुष्टि नहुने।

निर्णय नभएपनि उक्त घर कम्पाउन्डमा अवैध तवरले चिह्न लगाई भत्काउने आशङ्का रहेको छ कि भन्नलाई पनि त्यस किसिमको कुनै प्रमाण मिसिलबाट देखिँदैन। निवेदन जिकिरको कुनै वस्तुपरक र तथ्यगत आधार देखिँदैन । यस्ता निवेदनलाई रिट प्रयोजनको लागि अपरिपक्व मानिन्छ । सम्बन्धित निकायबाट निवेदकको घर कम्पाउन्ड भत्काउने सम्बन्धमा आधिकारिक ठहर हुनुअगावै निवेदकहरूको मौलिक हक हनन् भयो भनी भन्न मिल्दैन । त्यस सम्बन्धमा कुनै निर्णय हुनुपूर्व नै निवेदकहरूको घरजग्गा रहेको स्थान शाखा सडक हो वा चक्रपथ अरनिको राजमार्ग जस्ता सार्वजनिक सडक हो सडक सीमा कति कायम हुनुपर्ने हो र सो गर्दा कानूनबमोजिम जग्गा अधिग्रहण भए नभएको र निवेदकहरूलाई क्षतिपूर्ति दिने कामकारवाही अवलम्बन भएनभएको भनी हेर्नु उपयुक्त नहुने।

हालकै अवस्थामा निवेदकहरूको कुनै पनि मौलिक हक हनन् भएको स्थिति नरहेको एवम् रिट निवेदन अपरिपक्वसमेत भएकाले यस अदालतबाट मिति २०६८।११।९ मा जारी भएको अन्तरिम आदेश सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(२) बमोजिम निस्क्रिय भै प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : जवाहरप्रसाद सिंह

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७१ साल फागुन २२ गते रोज ६ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०७७९, उत्प्रेषण, *अन्जना ढुङ्गाना वि. धनश्याम भन्ने घनश्याम मैनालीसमेत*

न्याय प्रदान गर्ने प्रयोजनको लागि व्यवस्था गरिएको रिट अधिकारक्षेत्रले विचाराधीन मुद्दामा हस्तक्षेप गर्नु र मुद्दाको फछ्र्योट ढिलो गर्नुको परिणामबाट न्याय होइन अन्यायको सम्बर्द्धन हुन जान्छ। सवाल कुनै व्यक्तिलाई अन्याय पर्‍यो कि परेन भन्ने होइन सवाल पद्धतिको स्थायित्वको हो। तथापि विवादित जग्गा रोक्का रहेको वर्तमानको अवस्थामा निवेदिकालाई अन्याय परेको भन्ने ठाउँ पनि नदेखिने।

निवेदिका लेनदेन मुद्दामा सफल भएको खण्डमा निजले प्रमाणको आधारमा यो कि.नं. ५८१

को जग्गाबाट पनि बिगो भराउन सक्ने नै देखिएको र विवादित जग्गा रोक्का नै रहेको देखिँदा यो रिट खारेज हुँदैमा निवेदिकालाई अपूरणीय क्षति पुग्ने अवस्थासमेत नरहेकीले यसमा निवेदन जिकिरबमोजिम विपक्षीहरूबाट लिखितजवाफ माग गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७१ साल चैत २३ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०७८१, उत्प्रेषण, *त्रिभुवन उच्च माध्यमिक विद्यालय खलङ्गा जाजरकोट, विद्यालय व्यवस्थापन समितिको तर्फबाट अख्तियारप्राप्त ऐजन समितिका सदस्य नगेन्द्र शाहसमेत वि, जनकबहादुर सिंह*

विपक्षीहरूको उक्त कामकारवाही कुन कानूनविपरीत भयो भन्ने कुरा पूरै रिट निवेदनमा कहीँ कतै उल्लेख भएको पाइँदैन। कानूनको त्रुटि नै देखाउन नसकेको रिटबाट निवेदकहरूको मौलिक हक हनन् हुने अवस्था रहँदैन। २०६०।२।२१ को मन्त्रीस्तरीय निर्णय भनेको अदालत वा न्यायाधिकरणलगायत कानूनले मुद्दा हेर्ने र निर्णय गर्ने अधिकार दिएको निकायका फैसला होइन। अदालत वा न्यायाधिकरण लगायत कानूनले मुद्दा हेर्ने र निर्णय गर्ने अधिकार दिएको निकायको अन्तिम फैसलाहरू मात्र अमान्य गर्न मिल्दैन। तर विभागीय वा मन्त्रीस्तरीय प्रशासकीय निर्णयका सट्टामा सोही विभाग वा सोही मन्त्रालयको मन्त्रीले अर्को प्रशासकीय निर्णय वा कामकारवाही गर्न पाउँदैन भन्न मिल्दैन। विपक्षी जनकबहादुर सिंहलाई एउटा विद्यालयमा नियुक्ति गरेर अर्को विद्यालयमा पठाउन मिल्दैन भन्ने सम्बन्धमा निवेदकले कानून देखाउन सक्नुपर्छ। कानूनले निषेध नगरेको कुनै काम कुरा सम्बन्धित विभाग वा मन्त्रालयले प्रशासन चलाउनका लागि गर्न पाउँदैन भन्न नमिल्ने।

विपक्षी जनकबहादुरको नियुक्तिको पद नै फेरियो अर्थात् तृतीय श्रेणीबाट द्वितीय श्रेणीमा रूपान्तरण गरियो वा जति तलब पाउनुपर्ने हो सोभन्दा बढी तलब खुवाउनु पर्ने वा बढी सुविधा दिनुपर्ने भयो जस्तो अवस्थालाई निवेदकहरूले देखाउन सकेको देखिँदैन। निवेदकले कानूनी त्रुटि देखाउन नसकेको अवस्थामा यो अदालतले आफैं अग्रसर भई कानूनको त्रुटि खोज्ने काम गर्नु मनासिब हुँदैन।

शिक्षा मन्त्रालय भनेको विद्यालयहरूसमेतको नियमन आदि गर्नका लागि खडा भएको मन्त्रालय हो। शिक्षामा विनियोजन भएको बजेटको रकम यो मन्त्रालयमार्फत नै खर्च हुन्छ। सरकारी अनुदानबाट सञ्चालित निवेदक विद्यालयका सम्बन्धमा शिक्षा मन्त्रालय, शिक्षा विभाग र शिक्षा कार्यालयले प्रशासकीय काम कुरा गर्न पाउँदैनन् भन्न नमिल्ने हुँदा शिक्षा मन्त्रीसमेतबाट विपक्षी जनकबहादुर सिंहलाई निवेदक विद्यालयमा नै काम गर्नका लागि फर्काएको मिति २०७१।१०।९ को र सो अनुरूप जिल्ला शिक्षा कार्यालय, जाजरकोटले मिति २०७१।११।४ मा प्रत्यर्थी जनकबहादुर सिंहलाई त्रिभुवन उ.मा.वि. खलङ्गामा हाजिर हुन पठाई निजलाई हाजिर गराई सोको जानकारी यस कार्यालयमा पठाउनका लागि निवेदक विद्यालयलाई बोधार्थ दिएको र २०७१।११।२८ मा जनकबहादुरको दरबन्दीमा निवेदक विद्यालयले गरेको करार सट्टा नियुक्ति प्रक्रियालाई बदर गरेको समेतको निर्णय र कामकारवाहीमा कुनै कानूनी त्रुटि रहे भएको नदेखिँदा प्रस्तुत रिट निवेदनमा थप सुनुवाई आवश्यक नरहेकाले विपक्षीहरूबाट लिखितजवाफ माग गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७१ साल चैत २३ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०८०७, उत्प्रेषण, *राजन दमाई भन्ने राजेन्द्र परियार वि. महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत*

सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ र ऐ. नियमावली, २०५५ को अधीनमा रही सबुद प्रमाणको आधारमा कसुरदार ठहर्न सक्ने व्यक्तिलाई प्रतिवादी बनाई सरकारवादी फौजदारी मुद्दाको अभियोगपत्र दायर गर्नुपर्ने हुन्छ। आफूउपर मुद्दा चल्नु पर्नेमा मुद्दा नचलाएको कारणबाट मौलिक हकको हनन् भयो भनी निवेदकउपर मुद्दा नचलाएको कार्यलाई निवेदकले नै मौलिक हक हनन्को विषय बनाउन मिल्दैन । मुद्दा नचलेको कारणबाट निवेदकको के कुन मौलिक हक हनन् भयो, के त्रुटि भयो, कानूनले सुम्पेको दायित्व र जिम्मेवारी पूरा गर्न सम्बन्धित पदाधिकारीहरू कहाँ कसरी असफल भए यो कुरा निवेदकले देखाउन सक्नुपर्छ। मुद्दा नचलेको कारणबाट निवेदकको मौलिक हक हनन् भएको मान्ने हो भने मुद्दा नचलाइएका सबै व्यक्तिको मौलिक हक हनन् भएको मान्नुपर्ने।

निवेदकले उल्लेख गरेको नि.नं.८२२१ मा अवैध म्याद थप भएको कुराको निरूपण भई बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको छ । सो आधारमा पनि निवेदकउपर मुद्दा दायर हुनका लागि विपक्षीहरूले थुनामा राख्न कारवाही चलाएपछि मात्र यो प्रश्न निरोपणयोग्य हुन्छ । अहिलेकै अवस्थामा यसको निरोपण गर्नु अपरिपक्व विषयको निरोपण हुन पुग्छ। विषयवस्तुको परिपक्वता नभएमा रिट निवेदन ग्रहणयोग्य नहुने।

स्पष्टरूपमा भन्न नसके पनि निवेदकले यो रिट निवेदन दिने प्रयोजन आफूले कैद भुक्तान गरेपछि दुर्गा श्रेष्ठ जाहेरवाला हुनु भएकी उक्त कसुरमा निवेदकलाई प्रतिवादी बनाई अभियोगपत्र दायर भएमा पुनः कैदमा बस्नुपर्ने आशङ्का रहेको हो कि भन्ने भान हुन्छ। तर सर्वप्रथम निवेदक विरूद्ध तत्सम्बन्धमा मुद्दा दायर हुन्छ वा हुँदैन मुद्दा दायर भएमा निवेदक दोषी ठहर भई फैसला हुन्छ वा हुँदैन भन्ने कुरा बिलकुल अनिश्चित छ। परिणाम नै अनिश्चित रहेको यस्ता काम कुराबाट भविष्यमा मौलिक हक हनन् हुन्छ भन्न मिल्दैन। कदाचित मुद्दा दायर भयो र निवेदक विरूद्धको अभियोगदावी पुग्ने ठहर्‍यो भने पनि त्यसबापत कैदमा कति अवधि बस्नुपर्ने भन्ने कुरा कैद लगतको विषय हुन्छ जसको निरोपण तत्सम्बन्धी कानूनबमोजिम नै हुने हुँदा हालको अवस्थामा निवेदकको कुनै पनि मौलिक हक हनन् भएको स्थिति नदेखिएकाले विपक्षीहरूबाट लिखितजवाफ माग गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : गेहेन्द्रराज रेग्मी

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल वैशाख ८ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-WO-०८१२, उत्प्रेषण, *रामगोपाल श्रेष्ठ वि. सुनसरी जिल्ला इनरूवा नगरपालिका गाउँ ब्लक जग्गा दर्ता समितिसमेत*

समितिको निर्णयमा उल्लेख भएबमोजिम निवेदकको घर जग्गा लिलाम भएको र लिलाम बदर गरिपाउनका लागि निवेदकले जिल्ला अदालतसमेतमा विभिन्न मुद्दा दिएकामा निवेदकको दावी पुग्न नसकेको हालसम्मको अवस्था देखिन्छ । यस स्थितिमा निवेदकलाई यो रिट दिने हकदैया छ भन्न मिल्ने नदेखिँदा यो रिट निवेदन ग्रहणयोग्य देखिन नआएकाले विपक्षीहरूबाट लिखितजवाफ माग गर्नु परेन । आज कारण देखाउको लागि पेस भएकै दिनमा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०७२ साल वैशाख ६ गते रोज १ शुभम्।

## रीत/बेरीत आदेश

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-RE-०२०९, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*

यसमा विवादित धितोको सम्बन्धमा गरिएको मूल्याङ्कनको पूर्ण प्रतिवेदन प्राप्त नहुँदैका अवस्थामा मूल्याङ्कनको सारसङ्क्षेप (Synopsis) स्वरूपको प्रतिवेदन मात्रको आधारमा ऋण लगानीको निर्णय भएको देखिएको र निवेदक प्रतिवादी ऋण लिने व्यक्ति नभएको अवस्थामा तत्काल प्राप्त प्रमाणको आधारमा निजबाट उक्त धरौटी लिने गरी गरेको उल्लिखित मितिको आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ। पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल निज प्रतिवादी सोभेन्द्रराज जोशीलाई पुर्पक्ष निमित्त साधारण तारिखमा राखी कानूनबमोजिम गर्नू।

इति संवत् २०७२ साल असार ४ गते रोज ६ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् :

- ०७१-RE-०२१०, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*
- ०७१-RE-०२११, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*
- ०७१-RE-०२१२, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*
- ०७१-RE-०२१३, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*
- ०७१-RE-०२१४, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*
- ०७१-RE-०२१५, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*
- ०७१-RE-०२१६, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*
- ०७१-RE-०२१७, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*
- ०७१-RE-०२१८, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*
- ०७१-RE-०२१९, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*
- ०७१-RE-०२२०, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*
- ०७१-RE-०२२१, बैङ्किङ कसुर, *सोभेन्द्रराज जोशी वि. नेपाल सरकार*

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७१-RE-०२२३, डाँका, *धनबहादुर योञ्जन वि. नेपाल सरकार*

यसमा यी प्रतिवादी धनबहादुर योञ्जन चोरी गर्न गएको भन्ने देखिँदैन । निज प्रतिवादी चितवन भरतपुर अस्पतालमा बसेको अवस्थामा चोरी गर्ने प्रतिवादीहरूमध्येबाटै विवादित ल्यापटपसमेतका सामानहरू  खरिद भएको देखिन्छ। झापा जिल्लामा चोरी भएका सामानहरू मकवानपुर निवासी यिनै प्रतिवादीले योजना बनाई जानीजानी खरिद भएको भनी स्थापित गर्ने तत्काल प्राप्त प्रमाणको अभाव देखिँदा पुर्पक्षका लागि थुनामा राख्ने गरी भएको आदेशमा मुलुकी ऐन, चोरीको महलको २३ र २४ नं. को विद्यमानता नदेखिँदा प्रतिवादी धनबहादुर योञ्जनलाई पुर्पक्षका लागि थुनामा राख्ने गरी त्यस अदालतबाट मिति २०७१।९।७ मा भएको आदेशलाई परिवर्तन गर्नु नपर्ने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०७१।१०।२९ को आदेश बदर गरिदिएको छ । मुद्दाको उठान, प्रतिवादीको कार्य र मुनाफाको दृष्टिकोणले खरिद भएको अवस्था हुँदा

मुलुकी ऐन, अ.बं. ११८ नं. को देहाय ५ र १० नं. ले धरौट माग गर्न सकिने देखिँदा निज प्रतिवादी धनबहादुर योञ्जनबाट रू. १,००,०००।– (एक लाख) नगद वा सो बराबरको जेथा जमानत दिए लिई पुर्पक्षका लागि तारिखमा राख्नु, माग भएको धरौट दिन नसके थुनामा राखी नियमानुसार गर्नू।

इति संवत् २०७२ साल असार ९ गते रोज ४ शुभम्।

- यसै प्रकृतिको ०७१-RE-०२२४, डाँका, *धनबहादुर योञ्जन वि. नेपाल सरकार* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७१-RE-०२४०, उत्प्रेषण, *मु.स. गर्ने आस महमद मियाँ वि. अलि महमद मियाँ*

यसमा निवेदन जिकिरको भूमिसुधार कार्यालय, पर्साको मिति २०७१।१०।२२ को निर्णयको विषयवस्तु रहेको २०६६।३।७ को मिलापत्रबाट मोही बाँडफाँट भएको पाइएकामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६च अनुसार मोही बाडफाँटसम्बन्धी निर्णयमा पुनरावेदनको उपचारको कानूनी व्यवस्था रहे भएको पाइँदैन । साथै यस अदालतका निमित्त रजिस्ट्रारले उल्लेख गरेको पुनरावेदनको उपचार प्रभावकारी रहे नरहेको कुरा इजलासबाट टुङ्गो लाग्ने विषय भएकाले यस अदालतका निमित्त रजिस्ट्रारबाट भएको मिति २०७२।१।२ को दरपीठ आदेश बदर गरिदिएको छ । प्रस्तुत रिट निवेदन दर्ता गरी नियमानुसार गर्नू।

इति संवत् २०७२ साल असार ११ गते रोज ६ शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-AP-०३८४, उत्प्रेषण, *विजयकान्त कर्ण वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

यसमा निवेदकले निवेदनमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, २१ ७०/१३८ तथा संविधानसभा नियमावली, २०७० को नियम ९२ देखि १०७ सम्मसमेतको विपरीत मिति २०७२।२।२५ मा विपक्षीहरूमध्ये नेपाली कांग्रेस, नेकपा एमाले, एनेकपा माओवादी र फोरम लोकतान्त्रिकबीच १६ बुँदा सहमति भएको मध्ये बुँदा नं. १, २, ३, ५ र १३ छ भनी जिकिर गरेको अवस्थामा निवेदकको उक्त दावी जिकिरका सम्बन्धमा इजलासबाटै निरूपण हुनुपर्ने विषयभित्रको देखिँदा निमित्त रजिस्ट्रारले निवेदकको रिट निवेदन दरपीठ गर्ने गरेको मिति २०७२।२।२९ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ। कानूनबमोजिम निवेदकको प्रस्तुत रिट निवेदन दर्ता गरी अरूमा कानूनबमोजिम गर्नू।

इति संवत् २०७२ साल असार १ गते रोज ३ शुभम्।

"मेलमिलाप गरौं, विवाद नबढाऔं"
- सर्वोच्च अदालत, मेलमिलाप समिति